




नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily




ह्याट्रिक हार – ह्याट्रिक जीत

पृष्ठ ३ मा


● वर्ष १ ● अंक २१ ● २०७९ साल मंसिर १४ गते बुधवार ● Wednesday 30, Nov. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-


# मधेश प्रदेशमा सरकारको कसरत शुरु

## कांग्रेसले तयारी थाल्यो, एमाले केन्द्र पर्खंदैं, जनमत भन्छ – पहिला एजेण्डा

**एस.के. कर्ण**
**जनकपुर, मंसिर १३**

सम्पन्न निर्वाचनको समानुपातिक परिणाम नआउँदै सरकार बनाउने कसरत शुरु भएको छ ।


सत्ता गठबन्धनबाट कांग्रेसले आन्तरिक तयारी थालेको छ भने प्रतिपक्षी एमाले–जसपा गठबन्धन सत्तारुढ गठबन्धन केन्द्रले चाल्ने रणनीतिको पखाईमा छ । यता निर्णायक भनिएको जनमत पार्टी सरकारमा जाने भनेपनि आफ्नो एजेण्डा लिएरमात्र अघि बढ्ने बताउँदै छ ।

प्रदेशमा सरकार बनाउने सहज बहुमतको नजिक पुग्न थालेपछि सत्तारुढ गठबन्धनका दलहरु नयाँ सरकार निर्माणका लागि आन्तरिक छलफल थालेका हुन् । सत्तारुढ गठबन्धनका ठूला दल नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णा यादवले आफ्नो गठबन्धन बहुमत नजिक पुग्न लागेकाले सरकार बनाउने तयारी थालिएको बताएका छन् ।

'समानुपातिक तर्फको परिणाम आउन बाँकी रहे पनि सत्तारुढ गठबन्धन सरकार बनाउने बहुमत नजिक भएकाले आफूहरुलाई सरकार बनाउन सहज हुने भएकाले गठबन्धनभित्र दलहरुबीच छलफल शुरु गरिसेका छौ' यादव भन्छन् ' गठबन्धनमा रहेका दलहरु पनि सरकार बनाउनेमा एकमत छन् ।'

बहुमत नआए स्वतन्त्रलाई पनि समेटनु हुन्छ ?वा जनमत पार्टीको सहयोग लिनु हुन्छ ? भन्ने जिज्ञासामा यादव भन्छन् ' सत्तारुढ गठबन्धनमा हाल रहेकादलहरु नै मिलेर सरकार बनाउने करीब करीब बहुमत आउने सम्भावना छ, यदि भएन भने स्वतन्त्र निर्वाचित सांसदहरुको पनि सहयोग लिन सकिन्छ ।' यादव भन्छन् 'जनमत पार्टीको कुरा हो, उहाँहरु हामीहरुसँग आए अझ राम्रो हुनेछ ।'

सत्तारुढ गठबन्धनको नेतृत्वमा सरकार बने तपाईको मुख्यमन्त्रीको दावेदारी हुन्छ ? भन्ने प्रश्नमा यादव भन्छन् 'पार्टी भित्र म लगायत अन्य साथीहरु पनि आकांक्षी छन् । तर त्यसको लागि त पहिला संसदीय नेता चयन प्रक्रिया सम्पन्न हुनुपर्छ । हुनत प्रदेश सभापतिको नाताले मुख्य मन्त्रीपदमा दावेदार मेरो हुनेछ नै । यस सम्बन्धमा पार्टी भित्र छलफल बाँकी नै छ ।'



कांग्रेसले सरकारको नेतृत्व गरे मुख्यमन्त्रीकाप्रबलदावेदार रहेकायादवलेपनिसरकारबनाउने बारे गबठन्धन भित्र छलफल शुरु भइसकेको बताए । मुख्यमन्त्रीको दाबेदारी बारे उनले आफू त पहिला नै पार्टीमा कुरा राखिसकेको छु, आफूलाई मुख्यमन्त्रीदिएप्रदेशको अर्को चुनावलड्नेछैन।आफूलेदावेदारी राखेपनि संसदीय नेताचयन प्रक्रियापछि मात्रै केहीभन्न सकिनेछ ।

एमालेका प्रदेश अध्यक्ष रामअवतार यादव प्रतिपक्षी गठबन्धनले सरकार बनाउने दाबी गर्दै समानु पातिकको परिणाम पर्खिरहेको बताउँछन् । 'प्रतिपक्षी गठबन्धनले सरकार त बनाउने नै हो' रामअवतार भन्छन् 'समानुपातिकको पनि परिणाम आउनबाँकी रहेकाले भोलीदेखि छलफल अघि बढाउने छौं ।'

सत्ता गठबन्धनबाट कांग्रेसका भौतिक पुर्वाधार विकास मन्त्री रामसरोज यादव समेत आकाँक्षी देखिएका छन भने गठबन्धन दललोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनल पनि आकांक्षी देखिएका छन् । चुनाव गठबन्धनकै बेला छलफलको क्रममा लोसपाले मुख्यमन्त्री पाउने भन्ने शर्त समेत छलफलमा राखेको बताइन्छ । जनमतलाई पनि सरकारमा सामेल गर्नुहुन्छ भन्ने प्रसँग सोनल भन्छन् 'हाम्रो गठबन्धनको सिटले मात्रै सरकार बन्ने सम्भावना देखिदैंन । जनमत पार्टी र स्वतन्त्र सांसद समेतको सहयोग लिनसक्ने अवस्था आउँनसक्ने भएकाले पार्टी र गठबन्धन भित्र छलफल गरेपछि मात्रै केही निर्णय गर्न सकिनेछ ।'

प्रतिपक्षी गठबन्धन आबद्ध दल जनता समाजवादी पार्टी (जसपा) का मधेश प्रदेश अध्यक्ष रामबाबु यादवले सरकार त बनाउने नै हो, तर गठबन्धन भित्र रहेर नै बनाउने बताउँछन् । रामबाबु भन्छन् 'समानुपातिकको पनि परिणाम आएको छैन, पहिला हामी सत्तारुढ गठबन्धनको क्रियाकलाप हेर्छौं त्यस पछि हाम्रो गठबन्धनले रणनीति बनाएर अघि बढनेछ ।'

प्रतिपक्षी गठबन्धनका नेतृत्वकर्ता एमाले भित्र मुख्यमन्त्री को बन्ने भन्नेबारे अहिले सम्म कुनै छलफल भएको छैन भने गठबन्धन दल आबद्ध जसपाबाट मुख्यमन्त्रीलालबाबु राउत समेतले दोहरिने दाबी गरेको श्रोतले जनाएको छ । जसपाले ९ वटा सिट मात्र जिते पनि ३ जना स्वतन्त्र सांसद जसपाकै असन्तुष्ट रहेकाले तिनीहरुलाई मिलाउने प्रयास थालि सकिएको बुझिएको छ ।

यता जनमत पार्टीले सरकारमा सहभागी हुने सोच बनाए पनि पहिला आफ्ना एजेण्डा अघि सार्ने नीति लिएको छ । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले भने 'सरकारमा त हामी जाने नै हो । तर कुन गठबन्धनमा जाने हो अहिलसम्म कुनै निर्णय गरिएको छैन । हाम्रो एजेण्डा जसले सम्बोधन गर्नसक्छन त्यहीँ गठबन्धनसँग हामी जान्छौं ।'

कुनै दलबाट सरकारमा सहभागी हुनेबारे कुरा आएको छ/छैन भन्ने प्रश्नमा राउत भन्छन् 'साथीहरुसँग छलफल भइरहेको होला । तर अहिले सम्म आफू कहाँ अधिकारिक रुपमा कुनै पनि दलले कुरा राखेका छैनन् ।' हामी जनमतको मतबाट निर्वाचित भएको तिनीहरुको अभिमतको कदर गर्दै जनताका लागि आफूले उठाएको एजेण्डा सम्बोधन गर्न जुन दल सहमत हुनेछ, त्यहीँसँग गठबन्धन गर्ने राउत बताउँछन् ।

प्रत्यक्षतर्फ एमालेले १५ स्थान जितेको समानुपातिक बाट ११ सिट थपिने निश्चित जस्तै छ । जसपाले प्रत्यक्षमा ९ र समानुपातिकबाट ७ सिट प्राप्तगर्ने संभावना रहेको छ । जनमत

- बाँकी पृष्ठ ६ मा

# ३६ वर्षपछि महासेठले तोडे शेरे धनुषाको रेकर्ड

मधेशदृष्टि
जनकपुर, मंसिर १३ ।

नेकपा एमालेका सचिव रघुवीर महासेठले आफ्नो जीत संगै ३६ वर्ष पहिला हेमबहादुर मल्लको रेकर्ड तोडन सफल भएको छ ।

प्रत्येक निर्वाचनपिच्छे कुनै न कुनै 'रेकर्ड' बन्दै आएको । तर, ४ मंसिर २०७९ को निर्वाचनमा धनुषा ४ बाट जितेर महासेठले २०४३ को आम (राष्ट्रिय पञ्चायत सदस्य) निर्वाचनमा धनुषाबाटै हेमबहादुर मल्लले आफूसँगै श्रीमति जितेको रेकर्ड तोड्न सफल भएको छ ।



त्यो निर्वाचनमा मल्ल ९३ हजार १ सय ४९ मत प्राप्त गरी राष्ट्रिय पञ्चायत (पञ्चायतकालीन संसद) सदस्यमा विजयी भएका थिए भने आफ्नी श्रीमती शारदा मल्ललाई समेत ५३ हजार ९ सय ९६ मत सहित जिताएका थिए । उनको यो रेकर्ड प्रदेशमै कसैले तोड्न सकेको थिएन । तर महासेठ दम्पतिले ३६ वर्षपछि ती रेकर्ड तोड्न सफल भएका छन् ।

महासेठ आफै धनुषा ४ बाट नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवलाई हराएर विजयी भएको छन भने उनका श्रीमति जुली महतो धनुषा ३ मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अनिल झालाई पराजित गरी विजयी भएकी छिन । यो जीतसँगै रघुवीर महासेठलाई शेरे मधेश भनेर सम्बोधन गर्न थालिएको छ । हुनत ती दम्पति यसअघि पनि सांसद रहिसकेका छन । तर यसअघि जुली समानुपातिक सांसद थिइन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा महासेठले यादवलाई १ सय २४ मतान्तरले हराएका हुन्। विजयी महासेठले ३२ हजार २ सय ३६ मत ल्याए भने यादवले ३२ हजार १ सय १२ मत पाए।मतगणनाका क्रममा तीव्र प्रतिस्पर्धा देखिएपनि अन्ततः कांग्रेस सहमहामन्त्री यादवलाई हराउँदै

- बाँकी पृष्ठ २ मा

# मदिरा ओसारपसारमा बालबालिकाको प्रयोग

## सुरक्षाकर्मीको मिलेमतोमा दैनिक लाखौं मुल्य बराबरको नेपाली मदिरा भारत निकाशी

**विकास अग्रवाल**
**रौतहट, मंसिर १३ ।**

तस्करहरुले बालबालिकाहरुलाई प्रयोग गर्दे दैनिक लाखौं मुल्य बराबरको नेपाली मदिरा भारत निकासी गर्दे आएका छन् ।

केही वर्ष देखी भारतमा मदिरा प्रतिबन्ध भएपछी रौतहटका विभिन्न नाका भएर तस्करहरुले दैनिक लाखौं मुल्य बराबरको मदिरा भारत तस्करी गर्दे आएका हुन् । तस्करहरुले भारत तर्फ मदिरा निकाशीमा दश वर्षका बालबालिका देखी तीस वर्षका युवकहरुलाई प्रयोग गर्ने गरेको पाइन्छ ।

सदरमुकाम गौरबाटमात्र दैनिक पाँच सय देखी हजार कार्टुन नेपाली मदिरा रातभरीमा तस्करी गरी सीमावर्ती क्षेत्रका गाउँमा सञ्चय गरेर राख्ने तथा समय अनुकुल मिलाएर बिक्री वितरणका लागि भारतीय व्यापारीहरुले लग्ने गरेको पाईएको छ । जिल्लाको विभिन्न नाकाबाट मदिरा तस्करीमा तीव्रता आएपनी सीमा क्षेत्रमा रहेका सुरक्षाकर्मीहरु नियन्त्रण तर्फ मौन देखिएका हुन् । रौतहट, पर्सा, उदयपुर लगायतको डिस्ट्रीलरीहरुले उत्पादन गर्ने गरेका कमसल ब्राण्डका सस्ता मदिरा भारत निकाशी हुने गरेको छ । तस्करहरुले सदरमुकाम गौर सहित महादेवपट्टी, लक्ष्मीपुरवेलविछवा, औरैया, बन्जरहा, बंकुल लगायतको एक दर्जन नाकाबाट दैनिक एक ट्रक भन्दा बढी मदिराका कार्टुनहरु अवैध रुपले भारत निकाशी हुने गरेको कारोबारीहरु बताउँछन् ।

नेपालमा प्रति बोत्तल ३० रुपैयामा पाइने ३ सय एमएलको सौफी भारत पुग्दा ४० रुपैया भारुमा बिक्री हुने गरेको व्यापारी सुनाउँछन् । भारतमा गरिबीको रेखामुनी रहेका व्यक्ति तथा दैनिक कमाएर जीवनयापनगर्नेहरु नेपालबाट भित्रिएको मदिरा सेवनगर्ने गरेका छन् ।

न्यून मुल्यका मदिराका साथै भारतमा विशेष गरेर बियर, रोयल स्टेज, सिग्नेचर, गोल्डेन ओके, बैरौन, लगायतका मदिराहरु तस्करी भएर जाने गरेको नाम उल्लेख नगर्ने शर्तमा एक कारोबारीले बताए । मदिराको मुल्य अनुसार तस्करहरुले प्रति कार्टुन ज्याला वापत पाउने गरेको बताउँदै त्यो श्रोतले भन्यो एक जना तस्करले ओसारपोसार गर्दा प्रतिदिन हजार रुपैयासम्म कमाउँदै आएका छन् ।

सदरमुकाम गौरमा रहेका मदिरा बिक्री वितरण गर्ने थोक पसलहरुले एक सातामा तीन ट्रक मदिरा बिक्रीवितरण गर्दे आएपनी उक्त मदिराको ७० प्रतिशत खपत भनेकै भारत निकाशी भएको अर्का एक व्यवसायीको कथन छ । गौरमामात्र आधा दर्जन मदिराका थोक कारोबारीहरु रहेका छन् । दैनिक मजदुरी गरेर जिविकोपार्जन गर्ने मजदुरहरु दैनिक महँगो मुल्य तिरेर गुणस्तरीय मदिरा सेव नगर्न नसक्ने भएकोले सस्तो मुल्यको गुणस्तरहीन मदिरा सेवन गर्दे आएका छन् ।

सीमावर्ती क्षेत्रबाट मदिरा तस्करी भईरहेको जानकारी बेलाबेलामा आउने गरेको बताउँदै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक विरबहादुर बुढा मगर जानकारी आउने बित्तिकै मदिरा समाउने गरेको दाबी गर्छन । 'कहिलेकाँही मात्र जानकारी आउँछ' बिरबहादुर भन्छन् 'सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मी परिचालन थप प्रभपावकारी रुपमा अगाडि बढाएर मदिरा तस्करी कार्यलाई नियन्त्रण गर्ने गृह कार्य भईरहेको छ।'


# जीतपुरसीमरामा स्थानीयले रोके फोहोरको गाडी

## मेयर भन्छन् राजनीति धेरै भयो

**शारधा पोखरेल**
**बारा, मंसिर १३ ।**

स्थानियहरुको अवरोधका कारण जितपुरसीमरा उपमहानगरले ५ दिनदेखि फोहर उठाउन नसक्दा दुर्गन्ध फैलदै गएको छ । जितपुरसीमरा उपमहानगर वडा नं १ दुधौरा खोला छेउमा बसोबास गर्दै आएका स्थानियहरुले उपमहानगरको फोहर बोकेको गाडी रोकेर ५ दिनदेखि अवरोध गर्दै आएका छन् ।

स्थानियहरुलाई रोजगारी दिन्छु भन्दै आश्वसन बाँडेर हालसम्म कार्यान्वयन नगरेको भन्दै स्थानियहरुले फोहरको गाडी रोकेर अवरोध गर्दै आएका कुन् । जितपुरसीमरा वडा नं १ की स्थानीय सम्झना वनले फोहोरको कारण



दुर्गन्ध फैलिएर टाउको दुख्ने, वाकवाकी आउने, आँखा पोल्ने र बालबालिकालाई समेत असर परेको गुनासो गरेकी छिन् ।

त्यस्तै अर्का स्थानीय सूर्यबहादुर स्यांङ्तानले उपमहानगरका नगरप्रमुख पाँच महिनाको समय मागेको तर सात महिना बितिसक्दा पनि फोहोर व्यवस्थापन प्रति कुनै चासो नदेखाएकोले गाउँलेहरु मिलेर फोहोरको गाडी रोक्न बाध्य भएको बताए ।

**के छ त स्थानीयको माग ?**

स्थानीयहरुका अनुसार उनीहरुको माग भनेको फोहोर फाल्ने ठाउँ र गाउँमा झिँगा व्यवस्थापन, उपयुक्त औषधी छर्कने र दुर्गन्ध हटाउँने, मेयरले पाँच महिनाअघि दिएको आश्वासन र गरेका वाचाहरु (उद्योग खोल्ने, फोहोरलाई मल बनाउने जस्ता कुराहरु ) पूरा गर्नुपर्ने लगायतको रहेको छ । दुधौराको सुकुम्वासी वस्तीमा उपमहानगरको फोहोरको गाडी थन्किएको छ । ५ दिनदेखि उपमहानगरको फोहोर उठ्न सकेको छैन । दुधौरावासीको मागलाई के मेयरले सम्बोधन नगरेकै हुन त ?

**फोहरमाथि राजनीति भयो : नगरप्रमुख**

उपमहानगरका नगरप्रमुख राजन पौडेलले फोहर थुपारिएको क्षेत्रमा पटक पटक स्थानीयको माग

- बाँकी पृष्ठ ६ मा




# विवाहपञ्चमीमा २६ जोडीको विवाह

मधेस दृष्टि
कलैया १२ मंसिर ।
नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागि बहुक्षेत्रीय कार्ययोजना बनाई नगरपालिकाबाट बजेट छुटयाई काम अगा बढाडि बढाउने महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवले उदघोष गरेका छन् ।

नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका २०२१–२०२२ सम्बन्धि अभिमुखिकरण कार्यक्रम तथा स्थानीय तहको समन्वय समिति गठनका लागि आयोजित भेलालाई सम्बोधन गर्दै नगरप्रमुख यादवले नगरभित्र नसर्ने रोग नियन्त्रणका लागि मातहतका सबैलाई निर्देशन समेत दिए । रोगथामका लागि दतचित्त भई अगाडि बढन स्वास्थ्यकर्मीहरुलाई सुझाव दिए । नसर्ने रोग नदेखिए पनि त्यसले दिर्घकालिन रुरुपमा प्रभाव पारी रहेको हुदा सबैलाई सचेत हुन आग्रह गरेका थिए । पुरुष, महिला) गरी नगर प्रमुख , उपप्रमुख, वडाअध्यक्ष, , महागढीमाई नगरपालिकाका सबै विभागिय प्रमुखहरु, पत्रकार, महिला संजाल, नीजि संस्था, समाजसेवी र सुरक्षित मातृत्व संजाल महासघका कर्मचारी र प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१–२०२२ सम्बन्धि अभिमुखिकरणमाजहिर हुसेन, स्रोत व्यक्तिले, सुरक्षित मातृत्व संजाल महासघ नेपाल र परियोजनाको बारेमा संस्थाका कार्यक्रम व्यवस्थापक लक्ष्मी खनालले , समन्वय समितिका संरचना र भुमिकाबारेमा प्रादेशिक संयोजक लक्ष्मी साह, महागढीमाई नगरपालिकाको नसर्ने रोग तथा मातृत्व स्वास्थ्यको अवस्थाबारे नगरका स्वास्थ्य संयोजक विजय प्रसाद कुशवाहा , भैयाराम यादव, बबिता जैसवाल, अजय कुमार सिंघ, र श्री निवास बैठा समेतले सहभागिहरुलाई नसर्ने रोगका बारेमा जानकारी गराएको थियो ।

नगर प्रमुख उपेन्द्र यादवको अध्यक्षतामा ९ सदस्यीय महागढीमाई नगर स्तरीय नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१–२०२२ व्यवस्थापन गर्न समन्वय समिति गठन भएको छ ।



# नसर्ने रोग नियन्त्रण समिति

मधेस दृष्टि
कलैया १२ मंसिर ।
नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागि बहुक्षेत्रीय कार्ययोजना बनाई नगरपालिकाबाट बजेट छुटयाई काम अगा बढाडि बढाउने महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवले उदघोष गरेका छन् । नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका २०२१–२०२२ सम्बन्धि अभिमुखिकरण कार्यक्रम तथा स्थानीय तहको समन्वय समिति गठनका लागि आयोजित भेलालाई सम्बोधन गर्दै नगरप्रमुख स्वास्थ्यकर्मीहरुलाई सुझाव दिए । नसर्ने रोग नदेखिए पनि त्यसले दिर्घकालिन रुरुपमा प्रभाव पारी रहेको हुदा सबैलाई सचेत हुन आग्रह गरेका थिए । पुरुष, महिला) गरी नगर प्रमुख , उपप्रमुख, वडाअध्यक्ष, , महागढीमाई नगरपालिकाका सबै विभागिय प्रमुखहरु, पत्रकार, महिला संजाल, नीजि संस्था, समाजसेवी र सुरक्षित मातृत्व संजाल महासघका कर्मचारी र प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागि बहुक्षेत्रीय कार्यक्रम व्यवस्थापक लक्ष्मी खनालले , समन्वय समितिका संरचना र भुमिकाबारेमा प्रादेशिक संयोजक लक्ष्मी साह, महागढीमाई नगरपालिकाको नसर्ने रोग तथा मातृत्व स्वास्थ्यको अवस्थाबारे नगरका स्वास्थ्य संयोजक विजय प्रसाद कुशवाहा , भैयाराम यादव, बबिता जैसवाल, अजय कुमार सिंघ, र श्री निवास बैठा समेतले सहभागिहरुलाई नसर्ने रोगका बारेमा जानकारी गराएको थियो । नगर प्रमुख उपेन्द्र यादवको अध्यक्षतामा ९ सदस्यीय महागढीमाई नगर स्तरीय नसर्ने रोगहरुको



यादवले नगरभित्र नसर्ने रोग नियन्त्रणका लागि मातहतका सबैलाई निर्देशन समेत दिए । रोगथामका लागि दतचित्त भई अगाडि बढन कार्ययोजना २०२१–२०२२ सम्बन्धि अभिमुखिकरणमाजहिर हुसेन, स्रोत व्यक्तिले, सुरक्षित मातृत्व संजाल महासघ नेपाल र परियोजनाको बारेमा संस्थाका नियन्त्रण तथा रोकथामका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१–२०२२ व्यवस्थापन गर्न समन्वय समिति गठन भएको छ ।

# एमालेका हरिनारायण विजयी



धनुषा निर्वाचन क्षेत्र नं ४ (२) मा नेकपा (एमाले)का हरिनारायण महतो विजयी हुनुभएको छ । नेकपा (समाजवादी)का शत्रुधन महतोलाई पराजित गर्दै प्रदेशसभा सदस्यमा हरिनारायण विजयी हुनुभएको हो। विसं २०६४ देखिका सबै निर्वाचन जित्दै आउनुभएका सत्रुधन यसपटक भने पराजित हुनुभएको छ ।
हरिनारायणले १७ हजार तीन सय दुई मत प्राप्त गर्दा शत्रुधनले १५ हजार नौ सय छ मत प्राप्त गर्नुभयो ।मतगणनाको सुरु देखि नै अग्रता बनाउनुभएका हरिनारायण एक हजार ३४२ मतान्तरले विजयी हुनुभएको हो ।

# रामजानकी विवाह पञ्चमी महामहोत्सव सम्पन्न



श्रीराम जानकी विवाह पञ्चमी महामहोत्सव सम्पन्न भएको छ । महामहोत्सवको अन्तिम दिन आज रामकलेवा विधि गरिएसँगै यस वर्षको विवाह पञ्चमी सम्पन्न भएको हो । जानकी मन्दिर परिसरमा भएको भण्डारामा भारतबाट जन्तीका रूपमा आएका साधुसन्तलाई पकवान खुवाएर रामकलेवा मनाइयो ।

महोत्सवको अन्तिम दिन रामकलेवामा जानकी मन्दिरमा विशेष भोजको आयोजना गर्ने परम्परा रहीआएको छ । भोजनपश्चात साधुसन्तलाई दक्षिणा दिएर विधिवत् बिदा गर्ने गरिन्छ । बिदाइका क्रममा मिथिला परम्पराअनुसार चादर, कम्बल र दक्षिणा प्रदान गर्दै बिदाइ गरिएको छ । विवाह पञ्चमीमा विवाह भएको जोडीहरूलाई जानकी मन्दिरको प्राङ्गणमा राखी उनीहरूले एक अर्का पक्षलाई गाली गर्दै ठट्यौली गर्ने परम्परा रहेको छ । साधु-सन्तले जनकपुरधाममा भएको सेवा सत्कारबाट आफूहरू हर्षित भएको बताएका छन् । सप्ताहव्यापी विवाह पञ्चमीअन्तर्गत रामकलेवा (बिदाई) सँगै विवाह पञ्चमी महोत्सव सम्पन्न हुने गर्दछ । यसअघि, सोमबार राम र सीताको विवाह सम्पन्न भएको थियो । त्रेतायुगमा मार्ग शीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा राम र सीताको प्रतिकको विवाह गरिएको हो । रासस

# सर्लाहीबाट प्रत्यक्षमा महिला सहभागिता न्यून

सर्लाही, १३ मङ्सिर
प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा महिलाको सहभागिता न्यून देखिएको छ । चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्यमा दुई सय दुई जनाको उम्मेदवारी रहेकामा १५ महिला थिए ।
जिल्ला निर्वाचन कार्यालयका अनुसार क्षेत्र नं १ को प्रदेशसभा-२ मा पाँच ,क्षेत्र नं २ को प्रदेशसभा-१ मा एक, प्रदेशसभा-२ मा दुई, क्षेत्र नं ३ को प्रदेशसभा-१ मा एक र प्रदेशसभा-२ मा पनि एक महिलाले उम्मेदवारी दिएकी थिए ।
महिला उम्मेदवारमध्ये सर्लाही १ को प्रदेशसभा-२ बाट वाम-लोकतान्त्रिक गठबन्धनको तर्फबाट उम्मेदवार बनेकी एकीकृत समाजवादीकी बची लुङ्गेली मात्र निर्वाचित भए । उनले नेकपा (एमाले)की उम्मेदवार शान्तिकुमारी लामालाई छ हजार छ सय ९९ मतान्तरले पराजित गरेका छन । जिल्लाको क्षेत्र नं १ प्रदेशसभा-२ मा ३८ हजार दुई सय ७२ मत खसेको थियो । सो मध्ये लुङ्गेलीले १३ हजार छ सय ७७ मत प्राप्त गर्दा एमालेकी उम्मेदवार लामाले छ हजार नौ सय ७८ मत प्राप्त गरेका थिए । निर्वाचनमा भाग लिएका महिला उम्मेदवारले कोटाअनुसार समेत निर्वाचित नहुँदा फेरि पनि समानुपातिककै भरमा महिला सहभागिता हुने सम्भावना बढेको छ । महिला सहभागिता न्यून देखिने अवस्था छ, महिला अधिकारकर्मी अम्बिका राउतले भने ।रासस




# सप्तरीबाट आठ जना नयाँ सांसद



सप्तरी, १३ मङ्सिर
सप्तरीका मतदाताले यसपटक अधिकांश नयाँ उम्मेदवारलाई निर्वाचित गराएका छन् । चार प्रतिनिसभा र आड प्रदेशसभा रहेको जिल्लामा १२ मध्ये आठ जना नयाँ उम्मेदवार निर्वाचित भएका छन् । सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउत पनि पहिलो पटककै सांसद् बन्दै हुनुहुन्छ। राउतले ३५ हजार ४२ मत ल्याउँदा गत निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित उपेन्द्र यादवले १६ हजार नौ सय ७९ मतमात्र ल्याए ।
सप्तरी निर्वाचन क्षेत्र नं ३ बाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेशकुमार यादव चौथो पटकको प्रयासमा संसद् भवनको टिकट पाएका छन । यसअघि तीनपटक पराजय भोगिसक्नुभएका यादवले नेकपा (एमाले)का ताराकान्त चौधरीलाई पराजित गरे ।
सप्तरी १ (१) बाट एमाले केन्द्रीय सदस्य राजकुमार लेखी प्रदेशसभा सदस्य बनेका छन भने सप्तरी १ (२) बाट सकिल मियाँ प्रदेशसभा सदस्य बनेका छन । मियाँ पहिलोपटक संसदीय चुनावमा होमिएको जनमत पार्टीका उम्मेदवार थिए। उनी जिल्ला विकास समिति सप्तरीको सदस्य रहिसकेका छन ।
निर्वाचित हुने नयाँ अनुहारमा सप्तरी-२ (१) बाट जनमत पार्टीका सतिशकुमार सिंह पनि छन । उनी तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत छन । गत स्थानीय तहको निर्वाचनमा गाउँपालिका अध्यक्षमा उम्मेदवार यहाँ पराजित भएपछि लोसपा परित्याग गरी जनमत पार्टीबाट उम्मेदवार बनेका हुन । सप्तरी-२ (२)बाट जनमत पार्टीका निर्वाचित महेशप्रसाद यादव पनि नयाँ अनुहार हुनुहुन्छ । उनी यसअघिको निर्वाचनमा नेकपा (माओवादी केन्द्र)बाट प्रदेशसभा सदस्यमा उम्मेदवार थिए । सप्तरी ३ (२) बाट विजयी जनमत पार्टीकै शम्भुकुमार साह पनि राजनीतिमा नयाँ छन । साथै, सप्तरी-४ (२) सदस्यमा पहिलो पटक निर्वाचित स्वतन्त्र उम्मेवार अनिरुद्धकुमार सिंहले नौ हजार नौ सय ८५ मत प्राप्त गरे । यसरी आठ जना नयाँ अनुहार संसद्मा भित्रिँदा जसपा अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव र बहुजन शक्ति पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री विश्वेन्द्र पासवानको संसद् भवन जाने बाटो बन्द भएको छ। मधेस प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, पूर्वमन्त्री हेमराज तातेड, उमेशकुमार यादव, अनिस अन्सारी, संविधानसभा सदस्य ताराकान्त चौधरी, अशोकुमार मण्डल, निवर्तमान प्रदेशसभा सदस्य विदेश्वरप्रसाद यादव र अभिषेक यादव दोहोरिएर संसद् बन्न सकेनन । प्रदेशसभा सदस्यमा एक-एक स्थानमा जित हासिल गरेका कांग्रेस र नेकपा (समाजवादी केन्द्र) का प्रदेशसभा सदस्यबाहेक सबै नयाँ अनुहार हुन् । रासस

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 130.38 | 130.98 |
| EUR (European Euro) | 1 | 136.18 | 136.81 |
| GBP (UK Pound Sterling) | 1 | 157.56 | 158.29 |
| CHF (Swiss Franc) | 1 | 138.30 | 138.94 |
| AUD (Australian Dollar) | 1 | 87.32 | 87.72 |
| CAD (Canadian Dollar) | 1 | 96.98 | 97.42 |
| SGD (Singapore Dollar) | 1 | 94.89 | 95.33 |
| JPY (Japanese Yen) | 10 | 9.46 | 9.50 |
| CNY (Chinese Yuan) | 1 | 18.12 | 18.20 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.70 | 34.86 |
| QAR (Qatari Riyal) | 1 | 35.69 | 35.85 |
| THB (Thai Baht) | 1 | 3.67 | 3.68 |
| AED (UAE Dirham) | 1 | 35.50 | 35.66 |
| MYR (Malaysian Ringgit) | 1 | 29.10 | 29.24 |
| KRW (South Korean Won) | 100 | 9.77 | 9.81 |
| SEK (Swedish Kroner) | 1 | 12.54 | 12.60 |
| DKK (Danish Kroner) | 1 | 18.31 | 18.40 |
| HKD (Hong Kong Dollar) | 1 | 16.69 | 16.77 |
| KWD (Kuwaity Dinar) | 1 | 424.21 | 426.16 |
| BHD (Bahrain Dinar) | 1 | 345.81 | 347.40 |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |



विवाहपञ्चमी सम्पन्न गरेर जनकपुरधाम बाट गन्तव्य तर्फ लाग्दै भक्तजन । *तस्विर : मधेशदृष्टि*

# ह्याट्रिक हार – ह्याट्रिक जीत

विनय कर्ण
सप्तरी, १३ मंसिर ।

"संघर्ष गरे सफलता पाईन्छ" यो उखानलाई सत्य सावित गरेका छन् सप्तरी क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली काँग्रेसका दिनेश कुमार यादव ।

उनी २०६४ को संविधानसभा निर्वाचन यता सबै आम निर्वाचनमा सप्तरी ३ बाटै उम्मेदवार भए । तर, तीन पटक हारेर चौथो पटकमा जित हासिल गरे । चार दशकको राजनीतिक संघर्षमा ६१ बर्षीय यादव कहिले पनि विचलित भएन । उनी सधैं काँग्रेसको राजनीतिमा लागि रहे तर 'ह्याट्रिक' हारपछि जनताले चौथो पटक उनलाई अनुमोदन गरेका हुन् ।

४ मंसिर २०७९ को निर्वाचनमा उनी सप्तरीको ३ नम्बर निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्य मा ३ हजार ८ सय ६६ मतको मतान्तरले विजयी भए । उनले २६ हजार १ सय ६६ मत प्राप्त गरे भने उनका निकट्तम प्रतिस्पर्धी एमालेका उम्मेदवार ताराकान्त चौधरीले २२ हजार ३ सय ३० मत ल्याए । यी दुवैजना पुरानै प्रतिस्पर्धी हुन् यसअघि २०७० को निर्वाचनमा चौधरी निर्वाचित हुँदा यादव उनका निकट्तम प्रतिस्पर्धीमा चित्त बुझाएका थिए ।

### ४२ बर्षको राजनीतिक संघर्ष

सप्तरीको विष्णुपुर गाउँपालिका ७ घर भएका नव निर्वाचित प्रतिनिधिसभा सदस्य यादवको राजनीतिक यात्र सहज छैन् । विद्यार्थीकाल देखि काँग्रेसको राजनीतिमा होमिएका यादव २०३७ सालमा नविसंघ सप्तरीका सभापति र २०४९ सालमा केन्द्रिय सदस्य बने । २०५४ को स्थानियतह निर्वाचनपछि उनी तत्कालिन जिल्ला विकास समिति सप्तरीको सभापतिमा चुनिए ।

"२०४२ सालको सत्याग्रह आन्दोलन देखि जनआन्दोलन २ सम्म आउँदा कैयौं पटक प्रहरी हिरासतमा भोकै समय व्यतित गरेको छु, आन्दोलन र सडक संघर्ष गरिरहँदा घर परिवारको मोहमाया त्यागेर प्रजातन्त्र प्राप्तिको लडाईमा थुप्रै कष्ट भोगेको छु त्यसको झझल्को अहिले पनि आँखा अगाडी आईरहेछ" उनी सम्झन्छन ।

२०६० सालमा शेरबहादुर देउवा नेतृत्वको काँग्रेस प्रजान्त्रिक पार्टी बन्दा उनी जिल्ला सभापति भए । त्यसपछि फेरी काँग्रेसको एकिकरण भयो र उनी काँग्रेसको १२ औं र १३ औं महाधिवेशमा काँग्रेसको सप्तरी जिल्ला सभापतिमा निर्वाचित हुँदै दुई कार्यकाल पार्टीको नेतृत्व गरे । "भाग्य भन्दा बढी र समय भन्दा अघि कसैले केही पाउँदैन" यो उखान जस्तै आम निर्वाचनमा समय र भाग्यले उनलाई साथ दिएनन् र तीन पटक लगातार चुनावमा पराजित भई निकट्तम प्रतिस्पर्धीमा चित्त बुझाए ।





प्रजान्त्रिक आन्दोलनका स्वतन्त्रता सेनानी बुवा देवनाराण यादव कृष्ण प्रसाद भट्टराई संगै निरंकुश राणा शासन विरुद्धको संघर्षमा लागेको र त्यसपछि निरंकुश राजतन्त्रको विरुद्ध काँग्रेसको संघर्षमा पनि भट्टराई संगै बुवा संघर्षमा निरन्तर लागिरहेको प्रेरणाले नै विद्यार्थी जिवनमै काँग्रेसको राजनीतिमा होमिएको बताउँदै उनी भन्छन् "काँग्रेसको राजनीतिमा मेरो दुई पुस्ताको लागनी छ, यो निर्वाचनमा जनताले अनुमोदन गर्नु त्यसैको प्रतिफल हो ।"

१४ औं महाधिवेशपछिको विजयी यात्रा सप्तरी क्षेत्र नम्बर ३ बाट नव निर्वाचित प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवको लागि नेपाली काँग्रेसको १४ औं महाधिवेशन 'लक्की' सावित भएको छ । गत बर्ष सम्पन्न भएको महाधिवेशनबाट उनी काँग्रेसको केन्द्रिय सदस्यमा विजयी भए । यो पटकको आम निर्वाचनमा सोही विजयी यात्रालाई जारी राख्दै उनी प्रतिनिधिसभा सदस्यमा पनि निर्वाचित भए । काँग्रेसका स्थानिय नेताहरु भन्छन्, "१४ औं महाधिवेशन यादवको लागि 'लक्की' सावित भयो । त्यहाँबाट शुरु भएको विजयी यात्रा यो निर्वाचनमा पनि देखियो ।"

सडक सञ्जाल मेरो पहिलो प्राथमिकता प्रतिनिधिसभा निर्वाचन जितेपछि सप्तरी ३ मा सडक सञ्जालको विस्तार पहिलो प्राथमिकता भएको यादवले बताए । उनले अहिले पनि यस क्षेत्रको गाउँमा एम्बुलेन्स दमकल जस्तो अत्यावश्यक सवारी साधन पुग्न सक्ने अवस्था नभएकोले सडक सञ्जाललाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने अश्वासन दिए । "गाउँघरमा १५ वर्षअघि जस्तो बाटो थियो अहिले पनि उस्तै छ । जनतालाई सधैं सास्ती खेप्नुपरेकै छ । मलाई यो क्षेत्रको सबभन्दा ठूलो समस्या भनेकै यातायात नै लागेको छ । पातो-कठौना सडक, शम्भुनाथ-बनैनियाँ सडक हो । पातोदेखि तरही (भारत) सीमासम्मको सडक हो । रुपनीदेखि गाईघाटको सडक हो, रुपनीदेखि छिन्नमस्ता भगवतीसम्मको सडक हो । जुन सडक यो क्षेत्रको जनताका लागि अतिआवश्क छ," उनले भने "जहाँ सडक यातायात पुगेको छैन् । त्यहाँ कुनै किसिमको परिवर्तन हुन सक्दैन । सडक सञ्जाल निर्माण भयो भने यो क्षेत्रका जनताको आर्थिकदेखि शैक्षिकसम्मको गतिविधि बढ्नेछ ।"

### ह्याट्रिक हार ह्याट्रिक जीत

यसपटकको निर्वाचनमा सप्तरीका दुई प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणाम 'ह्याट्रिक' संग जोडिएको छ । यी दुवै नेपाली काँग्रसबाट निर्वाचित भएका हुन् । सप्तरी क्षेत्र नम्बर ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव लगातार तीन पटक निर्वाचन हारेर हारको ह्याट्रिकपछि जित निकालेका हुन् भने सप्तरी क्षेत्र नम्बर ४ बाट लगातार तीन पटक प्रतिनिधिसभा सदस्यमा चुनाव जितेर 'ह्याट्रिक' गरेका छन् नव निर्वाचित तेजुलाल चौधरी । तेश्रो पटक जनताले जिताएकोमा खुशी व्यक्त गर्दै उनले अब मैले मेरो निर्वाचन क्षेत्र मात्रै नभई सिंगो सप्तरी जिल्लालाई आर्थिक रुपमा, सामाजिक रुपमा, सांस्कृतिक रुपमा र विकासका रुपमा अगाडि बढाउने बताए । "एउटा राम्रो क्याम्पसको आवश्यकता भएकाले त्यतातर्फ ध्यान केन्द्रित गर्छु । अहिलेसम्म एउटा पनि सुविधाजनक अस्पताल सप्तरीमै छैन् । सबै रिफर हुने खालको मात्रै अस्पताल मात्र छ । राजविराजको गजेन्द्रनारायण सिंह अस्पताललाई सुधार गराउँछु र आफ्नो क्षेत्रमा पनि एउटा सुविधाजनक अस्पताल सञ्चालनमा ल्याउने कोसिस गर्छु ।" चौधरीले भने ।

# पर्सामा ४५ हजार बढी बदर



मधेशदृष्टि
वीरगंज मंसिर १३

पर्साको चार निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम अनुसार ४५ हजार ७ सय २६ मत बदर भएको छ ।

जिल्ला निर्वाचन कार्यालय पर्साले मंगलबार सार्वजनिक गरेको तथ्यांक अनुसार अन्तिम मतपरिणाममा प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष र समानुपातिक दुवै तर्फको गरी ४५ हजार ७ सय २६ मत बदर भएको हो ।

कार्यालयले उपलब्ध गराएको मतपरिणाम अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष र समानुपातिकतर्फ पर्सा क्षेत्र नं. १ मा २ हजार ५ सय ९१, क्षेत्र नं. २ मा ३ हजार ४६, क्षेत्र नं. ३ मा २ हजार ६ सय ५१ र क्षेत्र नं. ४ मा २ हजार १ सय ३ मत बदर भएको छ । चार निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मत क्षेत्र नं. २ मा बदर भएको जिल्ला निर्वाचन कार्यालय पर्साकी प्रमुख रन्जिता झाले बताइन । ३ लाख ४५ हजार ९ सय २८ मतदाता रहेको पर्सा जिल्लामा मंसिर ४ गते भएको निर्वाचनमा प्रतिनिधि सभाको प्रत्यक्षतर्फ २ लाख ३६ हजार ३ सय १ मत खसेको थियो । खसेको मतमध्ये २ लाख २५ हजार ९ सय १० मतमात्रै सदर भएको थियो ।

समानुपातिकतर्फ २ लाख ३७ हजार ४ सय १७ मत खसेको थियो । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ भन्दा ७ सय ६७ मत समानुपातिकमा बढी खसेको हो ।

अन्तिम मतदाता नामावलीमा नाम रही निर्वाचनमा नखटिएका कर्मचारी, सुरक्षाकर्मीसहित वृद्धाश्रममा रहेका वृद्धवृद्धा, निर्वाचन कसुरमा सजाय भोगिरहेका बाहेक अन्य कैदी बन्दीलाई समानुपातिक निर्वाचनमा सहभागी गराउन पर्सा निर्वाचन क्षेत्र नं. १ अन्तर्गत बीरगंज कारागार र जिल्ला हुलाक कार्यालयमा अस्थायी मतदान केन्द्र राखिएको थियो । अस्थायी मतदान स्थलबाट ९ सय ७१ मत प्रतिनिधिसभाको समानुपातिकतर्फ खसेको थियो । समानुपातिकतर्फ चार वटै निर्वाचन क्षेत्रबाट खसेको कूल मतमध्ये १५ हजार ९ सय ५९ मत बदर भएको थियो । बाँकी २ लाख २१ हजार ४ सय ५८ मत मात्रै सदर भएको थियो ।

त्यसैगरी समानुपातिक तर्फ पर्साका ८ निर्वाचन क्षेत्रमा ३ लाख ४५ हजार ९ सय २८ मतदाता रहेकोमा २ लाख ३६ हजार ८६ मत खसेको थियो भने खसेको मत मध्ये २ लाख २८ हजार ५८ मत सदर र ८ हजार २८ मत बदर भएको छ ।

प्रदेश सभाको समानुपातिक तर्फ २ लाख ३७ हजार ४ सय १७ मत खसेकोमा २ लाख २१ हजार ४ सय ५८ मत सदर भएको र १५ हजार ९ सय ५९ मत बदर भएको निर्वाचन कार्यालयद्वारा जारी तथ्यांकमा उल्लेख छ ।

पर्साको प्रतिनिधि सभा तर्फ ४.४० प्रतिशत, प्रदेश सभा सदस्य तर्फ ३.४० प्रतिशत, प्रतिनिधि सभाको समानुपातिक तर्फ ४.७९ प्रतिशत र प्रदेश सभा समानुपातिक तर्फ ६.६२ प्रतिशत मत बदर भएको देखिएको छ ।

# रौतहटका अधिकांश उम्मेदवारको जमानत जफ्त

मधेशदृष्टि
रौतहट, मंसिर १३ ।

प्रतिनिधी तथा प्रदेश सभाको निर्वाचनमा भाग लिएका अधिकांश उम्मेदवारहरुको जमानत जफत भएको देखिएको छ ।

जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त जानकारी अनुसार केही उम्मेदवार बाहेक अधिकांको जमानत जफत भएको छ । प्रतिनिधि सभामा चार निर्वाचन क्षेत्रका लागि ६७ जनाले उम्मेदवारी दिएकोमा ५८ जनाको जमानत जफत भएको छ । यस्तै प्रदेश सभाका ८ सिटका लागि भएको निर्वाचनमा १ सय ३५ जनाले उम्मेदवारी दिएकोमा १ सय १० जनाको जमानत जोगिएको छैन् ।

प्रतिनिधि सभाको लागि निर्वाचन क्षेत्र १ मा १७ जना उम्मेदवार दिएका मध्ये १५, निर्वाचन क्षेत्र नम्बर २ मा १३ जना मध्ये ११, निर्वाचन क्षेत्र ३ मा १९ जना मध्ये १६ र निर्वाचन क्षेत्र नम्वर ४ मा १८ जना मध्ये १६ जना गरी ५८ जनाको जमानत जफत भएको छ ।

यसैगरी प्रदेश सभा तर्फ क्षेत्र नम्वर १ (क) मा ३० जना मध्ये २७, (ख) मा १८ जना मध्ये १५ जना, क्षेत्र नम्वर २ (क) मा १२ जना मध्ये ९, (ख) मा १४ जना मध्ये १०, क्षेत्र नम्वर ३ (क) मा १७ जना मध्ये १४, (ख) मा ८ जना मध्ये ६, क्षेत्र नम्वर ४ (क) मा १२ जना मध्ये ९ र (ख) मा २४ जना मध्ये २० गरी ११० जनाको जमानत जफत भएको निर्वाचन परिणामले देखाएको छ ।

रौतहटमा प्रतिनिधि सभा तर्फ कुल खसेको मत२८लाख २४हजार ३० (६८.९८) प्रतिशत मध्ये सदर मत २६ लाख ९५ हजार ५० (४.५) प्रतिशत मत सदर भएको थियो ।

यस्तै प्रदेश सभा तर्फ २८लाख १७ हजार ६९ कुल मत खसेकोमा २७लाख २३हजार ९१ मत सदर भएको थियो ।

यसैगरी प्रतिनिधि सभा समानुपातिक तर्फ २८६३५० मत खसेको मध्ये २६८६३५ मत सदर भएको थियो । १७७१५ अर्थात ६.१९ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्ला निर्वाचन अधिकारी छाटेलाल दासका अनुसार प्रतिनिधि सभा र प्रदेश सभाका हकमा जनही १० र ५ हजार निर्वाचन धरौटी राखिएको थियो ।

दासले कुल खसेको मतको १० प्रतिशत मत नकटाउने १६८ जना उम्मेदवारको धरौटी रकम जफत भएको छ । जमानत जफ्त भएका अधिकाश उम्मेदवारहरु खासमा उम्मेदबार नबनेर पार्टीका वा स्वतन्त्र उम्मेदवारका लागि छद्म उम्मेदवार हुन् । निर्वाचनको बेला सवारीसाधन चलाउने, कार्यकता परिचालन, आइपर्दा जाइलाग्ने दस्ता तयार गर्न र खर्च देखाउन डमी उम्मेदवारी हुन्छन् । स्वतन्त्रको आडमा डमीहरुको बिगबिगिनै देखिन्छ, जसमध्ये कतिपयले आफैलाई मत हालेका हुँदैनन् ।

# महोत्तरीबाट अधिकांश पुरानै अनुहार

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि हालै सम्पन्न निर्वाचनमा महोत्तरी जिल्लामा अधिकांश पुरानै अनुहार निर्वाचित भएका छन् । यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनको प्रत्यक्ष प्रणालीतर्फको अन्तिम परिणामले यस्तो देखाएको हो ।

चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्य गरी जिल्लामा १२ पदका लागि भएको निर्वाचनमा नौ यसअघिकै दोहोरिनुभएको छ । महोत्तरी-३ प्रतिनिधिसभामा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर, महोत्तरी-२ बाट लोसपाकै वरिष्ठ नेता शरतसिंह भण्डारी निर्वाचित हुनुभएको छ । उहाँहरु दुवै यसअघि २०७४ मा पनि सोही क्षेत्रबाट निर्वाचित हुनुहुन्थ्यो ।

त्यसैगरी जिल्लाका आठ प्रदेशसभा क्षेत्रमध्ये सातवटामा यसअघिकै प्रदेशसभा सदस्य यसपालि दोहोरिएर निर्वाचित हुनुभएको छ । यसमा महोत्तरी-१(१) र (२) बाट क्रमशः नेकपा (एमाले) नेतृ शारदा थापा र नेकपा (माओवादी केन्द्र)का भरतप्रसाद साह हुनुहुन्छ । यसरी नै महोत्तरी-२ (१) र (२) बाट जयनुल राइन र सुरिता साह निर्वाचित हुनुभएको छ । उहाँहरु दुईमध्ये राइन लोसपाबाट र साह यसपालि लोसपाबाट अवसर नपाएपछि स्वतन्त्र हैसियतमा प्रतिस्पर्धा गरेर विजयी बन्नुभएको हो । जिल्लाको महोत्तरी-३(१) र (२) बाट पनि प्रदेशसभामा लोसपाबाट अभिराम शर्मा र रानी शर्मा तिवारी विजयी बन्नुभएको छ । उहाँहरु दुवै सोही क्षेत्रबाट यसअघि प्रदेशसभा सदस्य हुनुहुन्थ्यो । यसरी नै महोत्तरी-४ (२) का निर्वाचित प्रदेशसभा सदस्य सरोजसिंह कुशवाहा पनि यसअघि सोही क्षेत्रबाट निर्वाचित हुनुहुन्थ्यो । महोत्तरी-१ बाट भने प्रतिनिधिसभामा एमाले नेता लक्ष्मी महतो कोइरी निर्वाचित हुनुभएको छ भने महोत्तरी-४ बाट कांग्रेस नेता महेन्द्रकुमार राय निर्वाचित हुनुभएको छ ।

प्रदेशसभातर्फ महोत्तरी-४ (१) बाट निर्वाचित एमाले केन्द्रीय सदस्य सरोजकुमार यादव भने प्रदेशसभामा नयाँ अनुहार हुनुहुन्छ । विसं २०७४ मा महोत्तरी-४ (२) प्रदेशसभा क्षेत्रमा पराजित हुनुभएका यादव यसपालि क्षेत्र परिवर्तन गरेर महोत्तरी-४(१) बाट निर्वाचित हुनुभएको हो । महोत्तरी-१ र महोत्तरी-४ बाट क्रमशः गिरिराजमणि पोखरेल र डा सुरेन्द्रकुमार यादव र प्रदेशसभातर्फ महोत्तरी-४(१) बाट कौशलकुमार रायले निर्वाचनमा पराजित

# घाँटी रेटेर हत्या

मधेशदृष्टि
सप्तरी, १३ मंसिर ।

सप्तरीको कञ्चनरूप नगरपालिका वडा नम्बर १ स्थित बैरवामा घाँटी रेटिएको अवस्थामा एक पुरूषको शव फेला परेको छ ।

कञ्चनरुप नगरपालिका वडा नम्बर १ बैरवा घर भएका अन्दाजी ४८ बर्षिया पप्पु भनिने सञ्जय राउतको घाटी रेटिएको अवस्थामा घर नजिकै रहेको पोखरीमा शव भेटिएको हो ।

घटनाको प्रकृति हेर्दा घाटी रेटेर हत्या गरिएको देखिएको र थप अनुसन्धान भई रहेको इलाका प्रहरी कार्यालय कञ्चनरुप प्रहरी नायव उपरीक्षक रामकुमार यादवले जानकारी दिए ।

स्थानीय गाउँलेका अनुसार मृतक गाउँघरमा व्याजमा रुपैयाँ लगानी गर्ने काम गर्दै आएका थिए

# वीरगञ्ज भन्सारमा राजस्व ह्रास

देशको प्रमुख व्यापारिक नाका वीरगञ्जको राजस्व सङ्कलन लगातार चार महिनादेखि घट्दै गएको छ । चालु आर्थिक वर्षको साउन महिनामा लक्ष्यको ८५ प्रतिशत राजस्व सङ्कलन गरेको वीरगञ्ज भन्सार कार्यालयले कात्तिक महिनामा ६० प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ । चालु आवको साउनमा रु १५ अर्ब २० करोड सात लाखको लक्ष्य लिएकामा कार्यालयले रु एक अर्ब २१ करोड सात लाख कम अर्थात् रु १२ अर्ब ९८ करोड ९९ लाख सङ्कलन गरेको छ । भदौमा रु १९ अर्ब २९ करोड ४५ लाख राजस्वको लक्ष्य पाएको भन्सार कार्यालयले रु पाँच अर्ब १५ करोड २० लाख कम अर्थात् रु १४ अर्ब १४ करोड २५ लाख मात्र सङ्कलन गरेको कार्यालयका सूचना अधिकृत सुमित गुप्ताले जानकारी दिनुभयो । असोजमा रु २१ अर्ब ८८ करोड ३३ लाखको लक्ष्य राखेकामा रु नौ अर्ब ३८ करोड ९४ लाख कम अर्थात् रु १२ अर्ब ४९ करोड ३८ लाख राजश्व सङ्कलन गरेको छ । चालु आवको साउन, भदौ र असोजमा राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न चुकेको कार्यालयले कात्तिकमा लक्ष्यभन्दा न्यून सङ्कलन गरेको छ । कात्तिकमा रु २१ अर्ब ६५ करोड ४२ लाख राजस्व सङ्कलनको लक्ष्य थियो । तर कार्यालयले रु आठ अर्ब ७२ करोड ९५ लाख कम अर्थात् रु १२ अर्ब ९२ करोड ४६ लाखमात्र सङ्कलन गरेको छ । यो लक्ष्यको तुलनामा ४० प्रतिशत कम हो । वीरगञ्ज भन्सार कार्यालयलाई सबैभन्दा बढी राजस्व दिने वाहन, इन्धनलगायत १० वस्तुको आयातमा सरकारले लगाएको प्रतिबन्धका कारण राजस्व सङ्कलनमा ह्रास आएको सूचना अधिकारी गुप्ताको भनाइ छ । गत आवको पहिलो चौमासिकको तुलनामा चालु आवमा इन्धन आयातमा ७४ प्रतिशत र वाहन अयातमा ७९

सम्पादकीय

## मल बीउमा रमिते नबन् स्थानीय सरकार

नेपाल कृषि प्रधान देश हो भनेर भन्नेहरु धेरै छन् । कृषकका पिडा बुझ्ने र उनीहरुको समस्यामा सहयोग गर्ने र कृषिको उत्पादकत्व बढाउन योगदान गर्ने संवेदशीलता मुलुकका कुनै निकायमा देखिदैंन । संघीय, प्रादेशिक र स्थानिय गरी तीन तहको राजनीतिक संरचना छ, अर्थात सत्ता छ हामी कहाँ । तर, वर्षेनी मल र बीउको समस्या किन बल्झिरहन्छ ? सरकारमा बस्नेहरुको कुनै जवाफदेही हुँदैन ? किन समयमै बन्दोबस्त गर्न सकिन्न ?

अहिले किसानमा चटारो छ, गहुँ र तेलहन लगाउने तर न त आवश्यक बीउ पाइन्छ न रासायनिक मल । सीमा क्षेत्रका किसान चर्को मूल्यमा 'अवैधानिक' तरिकाले रासायनिय मल ल्याइरहेको अवस्था छ ।सीमामा रहेकाहरुका लागि दुःख कष्ट, महंगो भएपनि विकल्प छ । तर, सीमा भन्दा टाढाका किसानले कसरी समस्या समाधान गर्ने ?

सीमासँग जोडिएको बाराको कुरा गरौं । डिएपी र युरिया दुबै मलको अभाव बताउँछन् बाराका किसान । उनीहरुका अनुसार नेपालमा कृषि समाग्री सहकारी संस्थाहरु मार्फत मल उपलब्ध हुनुपर्ने हो ।तर, त्यसरी मल पाउँन स्थानीय तहको सिफारिस पाइदैंन वा थौरै परिणामको पाइन्छ, जसले पुग्दैंन । हालसालै आम निर्वाचन सम्पन्न भएको छ । समाजमा राजनीतिक प्रतिस्पर्धाको माहौल सङ्लिन सकेको छैन । त्यसको मार किसानमा परेको अनुभव पनि सुनिन्छ । स्थानीय तहको जिम्मेवारीमा बसेकाहरुले मलको टोकन दिँदा राजनीतिक आस्थाका आधारमा पक्षपात गरेको कुरा आइरहेका छन् । स्थानीय सत्तामा बसेकाहरुले त्यस्तो पक्षपात गर्ने छुट उनीहरुलाई छैन ।

पहिलो राजनीति गर्नेले आजका समर्थक भोली विरोधी हुनसक्छन् भन्नेकुरा आत्मसात गर्नसक्नुपर्दछ । अर्को कुरा प्रशासनिक सहजताका लागि स्थानीय तहलाई त्यस्तो अख्तियारी दिइएकोमात्र हो । स्थानीय तहका 'मालिक' हरुले बुझ्न आवश्यक छ मलका प्रत्येक बोरामा सरकारी अनुदान छ । त्यस्तो अनुदान संघीय सरकारले दिएको हो । जहाँ हरेक नेपालीले तिरेको करको योगदान छ। अनुदानमा किसानलाई आएको सामाग्रीमा मनमौजी गर्ने अधिकार उनीहरुमा छैन ।

उदाहरण, नेपालमा डिएपि मलको मोल ५० केजीको बोराको २ हजार दुई सय ५० पर्दछ । तर किसानहरु ३ हजार २ सय देखि ३ हजार ४ सय सम्ममा मोल हालेर भारतीय मल किन्नुपर्ने बाध्यतामा छन् ।

कृषि सहकारी संस्थाहरुमा कृषि समाग्री मार्फत पठाएको मलमा पनि कालो बजारी हुने गरेको किसानहरुको अनुभव छ । एक बोरा मलमै करिव हजार रुपैया फरक पर्ने भएपछि कालो बजारीले ठाउँ पाउँने हुन्छ । त्यसमा पनि निर्वाचित प्रतिनिधीहरुकै मिलोमतो सुनिनु दुःखद कुरा हो । स्थानीय पदाधिकारीलाई इमान्दार भएर काम गर्न अझ सजिलो छ । यति मात्रामा मल आयो, यो यो किसानले यती यती परिणाममा लगेका छन् भन्ने सार्वजनिक सूचना निकाल्ने गरियो भने सबै कुरा पारदर्शी हुन्छ, आरोप, प्रत्यारोपको खेती फस्टाउँने संभावना रहदैंन ।

बारामा २९ हजार ७ सय हेक्ट क्षेत्रफलमा गहुँ खेती हुने गरेकोमा यस वर्ष समयमा मल खाद्य उपलब्ध हुननसक्दा करिब २१ हजार हेक्टर क्षेत्रफलमा मात्र गहुँ खेती भैरहेको कृषि ज्ञानकेन्द्रको तथ्याङ्क छ ।समयमा मलखाद उपलब्ध नहुँदा किसानहरु यस वर्ष रोपाई गर्न पछि परेका हुन् ।

कृषि समाग्री संस्थाका जिम्मेवारहरु पालिकाले सिफारिस गरेर पठाएको खण्डमा मल पठाउने बताउँछन् । जिल्ला भरी २ सय ३६ सहकारीहरु मार्फत मल बिक्री हुने व्यवस्था छ । तर, मलको मूल्य निर्धारण,वितरणको खाका समेत स्थानिय समितिबाट नै हुने भएकोले अन्य निकायको धेरै जिम्मेवारी हुने भएन। मल बीउमा स्थानीय सरकार जिम्मेवार हुन आवश्यक छ । उनीहरुलाई पक्षपात गर्ने र किसानका समस्यामा रमिते बन्न सुहाउँदैन् ।

# महिलामाथि हुने हिंसाको यथार्थता

**तर लैङ्गिक हिंसा रोकथाम तथा हालको विभेदकारी सामाजिक संरचनामा परिवर्तन आवश्यक देखिए तापनि संरचनागत परिवर्तनका लागि अभियानमूलक गतिविधिहरूमा केन्द्रित योजना तथा कार्यक्रमहरू निर्माण हुन सकेका छैनन् । महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि बहुपक्षीय भूमिका महत्वपूर्ण हुन्छ ।**

हिंसाका कारण विश्वभरिका महिलाहरूले पुरुषसरह आफ्ना अधिकार र स्वतन्त्रताको निर्धक्क उपभोग गर्न सक्ने अवस्था छैन । महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९३ का अनुसार महिलाविरुद्ध हिंसालाई सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ, जसअन्तर्गत त्यस्ता कार्यहरूमा धम्की, दबाव र स्वेच्छाचारी रूपमा महिलाका स्वतन्त्रतामा बन्देजसमेत पर्दछ भनी परिभाषित गरेको छ ।

नेपालको पुरुष प्रधान सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचका कारण अन्य लिङ्गको तुलनामा पुरुषबाट महिला, बालिका तथा किशोरीमाथि हुने हिंसाको सङ्ख्या बढी रहेको तथ्याङ्कले देखाएको छ । नेपाल सरकार महिला माथि हुने हिंसा अन्त्यका लागि प्रतिबद्ध छ र त्यसैअनुसारका नीति-नियम र कानुन पनि बनाएको छ । देशको मूल कानुन संविधानले नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको पाइन्छ ।

यसैगरी मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसुरअन्तर्गत दफा १६० ले भेदभावपूर्ण व्यवहारलाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ । यस दफामा भएको व्यवस्थाअनुसार कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानुनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानुनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद ३२ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरू हुनेछ ।

मुलुकी देवानी संहिता, २०७४ को दफा १५ ले कानुन विपरीतका प्रथा वा परम्परालाई मान्यता दिने छैन भनिएको छ । कानुनले प्रथा तथा परम्परालाई दुरुत्साहन गरेको छ । साथै सोही ऐनको परिच्छेद ३ को दफा १७, १८ र १९ ले सबै नागरिक कानुनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाइने भनी गरेको व्यवस्थाले सबैका लागि समानताको अवसर सिर्जना गरेको छ । दफा १९ मा विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने, दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन भनिएको छ । जसले स्पष्ट रूपमा माथि उल्लिखित समूदायलाई आरक्षणको व्यवस्था कानुनी रूपमा सुनिश्चित गरिएको छ र यसले महिला र विशेषगरी सदियौंदेखि पछाडि पारिएका समुदायको समान रूपमा बाँच्न पाउने अधिकार कानुनी रूपमा नै सुनिश्चित गरेको छ ।

महिलाको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत समग्र सवाल सम्बोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सङ्घमा, महिला बालबालिका वा सामाजिक विकास मन्त्रालय प्रदेशमा र महिला बालबालिका शाखा स्थानीय तहमा गरी तीन तहको सरकारी संरचना स्थापना गरिएको छ । संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोग बनाई महिला अधिकारको सुनिश्चितताका लागि आयोगलाई अझ धेरै अधिकार प्रदान गरेको छ । देशको नयाँ संविधान, २०७२ अनुसार भाद्र ३१, २०७५ (सेप्टेम्बर १६ २०१८) सम्ममा संसदले १०५ वटा भन्दा बढी कानुन बनाएको छ ।

> **“ सरकार तथा निजी पक्षबाट यति धेरै सकारात्मक पहल भए तापनि कानुनी र नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाविरुद्ध हुने हिंसा नियन्त्रण हुन सकेको छैन, साथै हिंसा प्रभावितले निर्माण भएका संयन्त्रबाट प्रभावकारी रूपमा सहज र सरल तरिकाले सेवा लिन सकेको अवस्था देखिंदैन ।**

जसअन्तर्गत १६ वटा कानुन संविधानको मौलिक हकको कार्यान्वयनका लागि बनाइएको छ । नेपालको सबैभन्दा पुरानो कानुन मुलुकी ऐन, २०२० लाई मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ साथै मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ द्वारा २०७५ भदौमा प्रतिस्थापन गरिएको छ । जसले सबै प्रकारका भेदभाव, हिंसा, सामाजिक कुरीतिजन्य अभ्यास/महिलाविरुद्ध हुने हानिकारक परम्परागत अभ्यासलाई अपराधिक कार्यभित्र राखी सजाय र क्षतिपूर्ती दिने व्यवस्था गरेको छ ।

नेपालमा महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा उन्मूलन गर्ने प्रतिबद्धतालाई पुनः पुष्टी गर्नका लागि प्रतिनिधि सभाबाट पारित भएको यौन हिंसाविरुद्धका केही ऐन संशोधन गर्न बनेको विधेयकमा बलात्कारका घटनामा हदम्याद बढाएर २ वर्ष बनाउने र बालबालिका, अपाङगता भएका व्यक्ति, अशक्त, मानसिक अवस्था कमजोर भएकाको हकमा ३ वर्षको हदम्याद राख्ने, बलात्कारमा परेका नाबालिगले बालिग भएको ३ वर्षसम्म उजुरी गर्न सक्ने र यौन हिंसामा परेका हिंसा प्रभावितहरूलाई राज्यकोषबाट क्षतिपूर्ति दिलाउने व्यवस्था भएको छ । यस्तै वैवाहिक बलात्कारलाई अपराध मानेर त्यस्तो जबर्जस्ती करणीमा ५ वर्षसम्म कैद सजायको व्यवस्था तोकेको छ ।

संविधानमा रहेको समानुपातिक समावेशी प्रावधानले महिला, दलित, आदिवासी/जनजाति र अल्पसङ्ख्यकको राजनीतिक सहभागिता र प्रतिनिधित्व बढ्दै गएको छ । महिलामाथिको हिंसा कानुनी रूपमा दण्डनीय अपराध हो । महिला हिंसा गर्नेलाई हिंसाको कसुरअनुसारको सजाय हुने स्पष्ट कानुनी व्यवस्था छ । हुनत महिलामाथि हुने सबैखाले हिंसा नियन्त्रण र न्यूनीकरण गर्न नेपालमा विगतमा कानुनहरू पर्याप्त नभएका कारण सरकारले थप कानुनहरू पनि बनाएको छ र त्यसको प्रभावकारी कार्यान्वयनमा जोडसमेत दिएको पाइन्छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, एकल महिला सुरक्षा कोष नियमावली, २०७०, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक, मनोविमर्श निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४ लगायतका कानुनी व्यवस्थाहरू महिला हिंसा न्यूनीकरण र नियन्त्रणका लागि कार्यान्वनमा रहेका छन् । त्यस्तै सर्वोच्च अदालतबाट विभिन्न समयमा भएका निर्णयहरू तथा आदेशहरू पनि रहेका छन् ।

हिंसा नियन्त्रण गर्न केही वर्ष यता सरकारीस्तरबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन् । त्यसबाहेक महिलालाई आत्मनिर्भर, आर्थिक स्वनिर्भर गराउन विभिन्न सङ्घ/संस्थाले सञ्चालन गरेका सशक्तीकरणका कार्यक्रम र अभियानमार्फत प्रयास भइरहेको छ । साथै योजनाबद्ध विकासमा लैङ्गिक हिंसा नियन्त्रण गर्नका लागि अन्तर ाष्ट्रिय प्रावधानहरूको कार्यान्वयन गर्न राष्ट्रियस्तरमा विविध कानुनी प्रावधानहरूको व्यवस्था गरिएका छन् । साथै नेपाल प्रहरीले सवारी साधनमा लेखिएका अश्लील, अपाच्य, गाली, कानुनविपरीत तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरू हटाउने वा मेट्न लगाउने अभियान सञ्चालन गरेको छ । तर सरकार तथा निजी पक्षबाट यति धेरै सकारात्मक पहल भए तापनि कानुनी र नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाविरुद्ध हुने हिंसा नियन्त्रण हुन सकेको छैन, साथै हिंसा प्रभावितले निर्माण भएका संयन्त्रबाट प्रभावकारी रूपमा सहज र सरल तरिकाले सेवा लिन सकेको अवस्था देखिंदैन ।

तर लैङ्गिक हिंसा रोकथाम तथा हालको विभेदकारी सामाजिक संरचनामा परिवर्तन आवश्यक देखिए तापनि संरचनागत परिवर्तनका लागि अभियानमूलक गतिविधिहरूमा केन्द्रित योजना तथा कार्यक्रमहरू निर्माण हुन सकेका छैनन् । महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि बहुपक्षीय भूमिका महत्वपूर्ण हुन्छ । संविधान र कानुनप्रदत्त हक-अधिकारलाई व्यवहारमा लागू गर्नका लागि राज्यको संयन्त्रमा सुदृढीकरण, संवेदनशीलता सहितको प्रतिबद्धता र सबै सरोकारवालाको सामूहिक ऐक्यबद्धता आवश्यक छ ।

*(साभार : अन्वेषी, महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन २०७९, ओरेक नेपाल, बालकुमारी, ललितपुर)*

# वैदिशक रोजगार: रेमिट मानसिकतामा सरकार, पन्छिने म्यानपावर

मुलुकको जनशक्ति मुलुकको विकासको लागि लगाउने हो तर नीति नै विदेश पठाउने जस्तो छ।

सरकारका नीतिहरू सामन्यतः प्रत्येक पाँच पाँच वर्षमा पुनरावलोकन र अध्यावधिक गरी समय सापेक्ष बनाइनुपर्ने सैद्धान्तिक अवधारणा छ। नेपालको वैदेशिक रोजगार नीतिमा पनि प्रत्येक पाँच पाँच वर्षमा आवश्यकता अनुसार सुधार गरिने र विश्व बजारमा आएको परिवर्तनलाई उपयुक्तरूपमा सम्बोधन गर्न आवश्यक परेमा सुधार गरिने विषय समावेश भएको छ।

वैदेशिक रोजगार नीति जारी भएपछिको एक दशकको अवधिमा राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको क्षेत्रमा निकै परिवर्तनहरू देखा परेका छन्। नेपालमा नयाँ संविधान लागू भएको, क्रमशः थप आवधिक योजनाहरू कार्यान्वयन हुँदै गरेका र निकै नीतिगत तथा कानूनी परिवर्तनहरू भैसकेको अवस्था छ भने अन्तर्राष्ट्रिय क्षेत्रमा पनि निकै आर्थिक, राजनैतिक तथा कूटनीतिक परिवर्तनहरू भइरहेका छन्। कोभिड-१९ ले यसमा थप चुनौतीहरू ल्याइदिएको अवस्था छ। हालैको रूस युक्रेन युद्धले यसमा अझै चुनौतीहरू थप्न सक्ने देखिन्छ।

वैदेशिक रोजगारमा जानेको समस्या समाधानमा सरकारको भन्दा श्रमिक पठाउने वैदेशिक रोजगार व्यवसायी /कम्पनी/एजेन्सीहरूको दायित्व बढी हुन्छ भन्ने मानिएको छैन। विदेश पठाएपछि दायित्व सकिएको जस्तो गरी वैदेशिक रोजगार कम्पनीहरूलाई छुट दिइन्छ। त्यस्ता कम्पनीहरूलाई श्रमिकको दीर्घकालिन दायित्वसँग आवद्ध गर्न सकिएको छैन।

दिगो विकासका लक्षहरू पनि क्रमशः कार्यान्वयन हुँदै गरिएको र कतिपय लक्षहरूमा निकै प्रगति भएको अवस्था पनि छ। नेपालमा सम्पन्न राष्ट्रिय जनगणना २०७८ ले जनसंख्याको बनौटमा परिवर्तन हुनसक्ने संभावना देखाएको छ। सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय विकासशील देशमा स्तरोन्नतिगर्ने प्रयास पनि छ। वैदेशिक रोजगारीबाट आर्जन हुने विप्रेषणको देशको आर्थिक विकासमा योगदान बढाउने गरी परिचानल गर्नु पनि त्यतिकै महत्वपूर्ण हुन्छ।

वैदेशिक रोजगारीलाई बाध्यताको रोजगारीबाट अवसरको रोजगारीमा परिवर्तन गर्नुपर्ने खाँचो छ। यी सबै परिप्रेक्षमा वि.सं. २०६८ सालमा जारी भएको वैदेशिक रोजगार नीतिमा अध्यावधिक र समयसापेक्ष सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। तसर्थ यो नीतिको पुनरावलोकन गरी समयसापेक्ष सुधार गर्ने विषयहरू सिफारिस गर्नका लागि नेपाल



सरकारद्वारा गरिएको वैदेशिक रोजगारी नीति सम्बन्धमा देखिएका कमजोरीहरू उल्लिखत खण्डको सम्पादित अंश:

नेपालको वैदेशिक रोजगार नीतिको समीक्षा गर्दा समग्रतामा देखिएका कमजोरीहरू:

१. वर्तमान नीतिले रोजगारी आफैं सिर्जना हुन्छ भन्ने मान्यता लिएको देखिन्छ। यो ठीक होइन। रोजगार खाली ठाउँ (भ्याकुम) मा सिर्जना हुन सक्दैन। यो आर्थिक क्रियाकलापसँग आवद्ध भएर मात्र आउँछ। आर्थिक क्रियाकलाप विना रोजगारी सिर्जना हुँदैन।

२.वैदेशिक रोजगारी भरपर्दो हुन्छ भन्ने दृष्टिकोण ठीक होइन। यो ज्यादै कमजोर धरातल भएको (फ्रजाइल एण्ड भल्नरेवल) रोजगारी हो। यो जुनसुकै बखत पनि समाप्त हुन सक्तछ। किनभने यो नेपालको वशमा छैन।

३.देशको विकास विप्रेषणले नै हुन्छ भन्ने मानसिकता राखी राख्नु ठीक होइन। यो केवल एकछिन दुखाइ कम गर्ने औषधि जस्तो (पेलिएटिभ मेजर) मात्र हो। दीर्घकालीन उपचार होइन। रेमिट मानसिकता (चभmष्त mभलतबष्तथ) ले श्रमिकको हक अधिकार भन्दा पनि विप्रेषण र सोलाई कसरी बैंक तथा वित्तीय संस्था मार्फत भित्र्याउने भन्नेमा जोड छ। सधैं विप्रेषणको जोड घटाउमा सरकारको ध्यान गएको देखिन्छ।

४.वैदेशिक श्रमिकले कमाएको पैसा सरकारले आफूले भनेको ठाउँमा लगानी गर्न पाउनु पर्छ भन्ने सरकारको मान्यतामा परिवर्तन जरूरी छ। प्रथमतः वैदेशिक रोजगारीमा जाने नेपाली कामदार हरूको ज्याला नै न्यून हुन्छ। त्यसमाथि उनीहरू ऋण काढेर गएका हुन्छन्। उनीहरूको धेरै पारिवारिक आवश्यकता हुन्छन्। पारिवारिक आवश्यकता पूरा भएपछि मात्र आर्जित रकम बचत हुने हो जुन निकै कम हुन्छ। बचत कम भएपछि लगानी गर्ने अवस्था पनि हुँदैन तर सरकारी नीतिहरू विप्रेषण लगानी उत्पादनमा लगाउनु पर्यो भनी बारम्बार भनी रहेका छन्।

५. वैदेशिक रोजगारको २०० वर्षको इतिहासलाई निरन्तरता दिनुपर्छ भन्ने जस्तो गरी नीतिमा वैदेशिक रोजगारको महत्व दर्शाइन्छ तर यसका अँध्यारा पक्षहरू कदापि नीतिमा उल्लेख हुँदैनन्। सुगौली सन्धिपछि मात्र हेर्ने हो भने पनि नेपालले सेना लगायत श्रमिक निर्यात गर्न लागेको २०० वर्ष भएको छ। गोर्खा भर्तीमा भारत र बेलायत गएका जवानहरू रोजगारीको लागि नै गएका हुन्। सो रोकी राज्यलाई गुणात्मक रूपमा श्रमको क्षमता अभिवृद्धिमा लगानी कसरी गर्ने भन्ने सोच आइसकेको छैन। विश्वमा अरूको देशको सेनामा काम गर्न जाने जवान वा देशलाई राम्रो नजरले हेरिदैन।

६. नेपालीहरू आफ्नो देशको लागि हैन अरूको देशको लागि काम गर्न जन्मेका हुन् भन्ने जस्तो गरी वैदेशिक रोजगारीलाई लिइएको छ। यो बिलकुलै ठीक होइन। देशका जनतालाई उचित शिक्षा र सीप सिकाइ देशको विकासमा परिचालन गराउने प्रयास भन्दा पनि वैदेशिक रोजगारी, तीसँग सम्बन्धित सरकारी निकायहरू र वैदेशिक रोजगार कम्पनी र एजेन्सीहरूको कार्यलाई उच्च स्तरको मानी व्यवहार गरिएको देखिन्छ।

७. वैदेशिक रोजगारमा जानेको समस्या समाधानमा सरकारको भन्दा श्रमिक पठाउने वैदेशिक रोजगार व्यवसायी /कम्पनी/एजेन्सीहरूको दायित्व बढी हुन्छ भन्ने मानिएको छैन। विदेश पठाएपछि दायित्व सकिएको जस्तो गरी वैदेशिक रोजगार कम्पनीहरूलाई छुट दिइन्छ। त्यस्ता कम्पनीहरूलाई श्रमिकको दीर्घकालिन दायित्वसँग आवद्ध गर्न सकिएको छैन।

८. छिमेकी देश भारतमा काम गर्न जानेको संख्या थाहा पाउन आवश्यक ठानिएको छैन र नीतिहरू मौन छन्। कम्तीमा पनि अभिलेख राख्नुपर्ने विषय बिरलै उठाइन्छ।

९. देशमा आन्तरिक उत्पादन र रोजगार सिर्जना गर्ने आर्थिक क्रियाकलापहरूको सम्भावना पैल्याउनु भन्दा वैदेशिक रोजगारसँग सम्बन्धित नीति तर्जुमा तथा संलग्न संस्थाहरूको स्थापना प्राथमिकताको विषय हो जस्तो भएको छ।

*क्रमसः बाँकी पृष्ठ ६ मा*

# मौद्रिक नीतिको समीक्षाबाट सन्तुष्ट छैन निजी क्षेत्र




काठमाडौं, १३ मङ्सिर

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति समीक्षा गर्दै केही नयाँ व्यवस्था लागू गरेपनि निजी क्षेत्रले भने अर्थतन्त्रका विद्यमान समस्या समाधानका लागि त्यो पर्याप्त नभएको जनाएको छ । गत आइतबार मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्दै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको औसत ब्याजदर अन्तरको सीमा घटाएको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाका लागि क्षेत्रगत कर्जासम्बन्धी व्यवस्थामा केही चलक हुने, कर्जा-निक्षेप अनुपात नपुगेमा उनीहरुलाई लाग्ने जरिवाना तरलता जोखिममा समेत आधारित हुनेगरी पुनरावलोकन गर्ने र चालू पुँजी कर्जा कार्यविधि संशोधनका लागि पहल गर्ने राष्ट्र बैंकले जनाएको छ । यद्यपि, यी व्यवस्थाले मात्रै अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न नसक्ने धारणा निजी क्षेत्रको छ । हाम्रो अर्थतन्त्र सहज अवस्थामा छैन, सङ्कटतर्फ जाँदैछ । अहिलेको मौद्रिक नीतिको व्यवस्थाले त्यो सङ्कट टार्ला भन्ने विश्वास निजी क्षेत्रलाई छैन । त्यसकारण यसमा पुनःविचार गरिनुपर्छ, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले भने , तरलता व्यवस्थापन र ब्याजदर घटाउनका लागि राष्ट्र बैंकले अहिले जुन नीति लिएको छ त्यो पर्याप्त छैन ।

चालू पुँजी कर्जासम्बन्धी व्यवस्था दुई वर्षका लागि स्थगन गर्नुपर्ने धारणा निजी क्षेत्रको रहेको पनि गोल्छाले बताउनुभयो । मौद्रिक नीतिको समीक्षामाथि आफ्नो धारणा दिन महासङ्घले आज पत्रकार सम्मेलनसमेत गर्दैछ ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले पनि मौद्रिक नीतिको समीक्षाले निजी क्षेत्रका समस्या सम्बोधन गर्न नसकेको बताए । अहिलेको मख्य विषय भनेको तरलताको स्थिति सहज बनाउने र बैंक वित्तीय संस्थामा लगानीयोग्य रकम उपलब्ध हुनुपर्ने हो । तर मौद्रिक नीतिको समीक्षाले त्यो समस्याको समाधान दिएको छैन, अग्रवालले भने । चालू पुँजी कर्जा कार्यविधि तत्काल कार्यान्वयन गर्न नहुने र शेयर तथा घरजग्गा कारोबारलाई चलायमान बनाउनका लागि केही लचक नीति नियामकले लिनुपर्ने उहाँको भनाइ छ । चालू पुँजी कर्जा कार्यविधि संशोधन गर्ने भनेर राष्ट्र बैंकले भनेको छ । तर हाम्रो भनाइ यो व्यवस्था लागू गर्ने स्थिति नै छैन भन्ने हो । कम्तीमा पुराना ग्राहकका लागि दुई वर्षपछि लागू गर्दा उचित हुन्थ्यो, अग्रवालले भने , 'उद्योगी व्यवसायी कर्जाको साँवा ब्याजको किस्ता तिर्नसक्ने अवस्थामै छैनन् । यस्तो अवस्थामा चालू पुँजी कर्जा कार्यविधिले उनीहरुको मनोबल झन् घटाउँछ र थप समस्यातर्फ लैजान्छ ।

शेयर र घरजग्गामा ठूलो लगानी भएको तर ती क्षेत्रको कारोबार चलायमान हुन नसक्दा पनि तरलताको समस्या देखिएको उनको भनाइ छ । यी क्षेत्रको कारोबार चलायमान बनाउन केही खुकुलो नीति अपनाउनु आवश्यक रहेको पनि अग्रवालले बताए ।नेपाल चेम्बर अफ कमर्सले पनि मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत् गरिएका व्यवस्थाले वित्तीय स्थायित्व कायम गर्न नसक्ने जनाएको छ ।मौद्रिक नीतिको त्रैमासिक समीक्षाले वित्तीय स्थायित्व कायम गर्न अझै कठिन देखिएको छ । स्प्रेड दर केही घटाइए पनि यसले ब्यादजर वृद्धि रोक्न मात्रै मद्दत गर्दछ । तर विद्यमान कायम रहेको उच्च ब्याजदरलाई घटाउने सम्भावना न्यून मात्र छ, चेम्बर अफ कमर्सले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।मुलुकको बाह्य क्षेत्रमा केही सुधार देखिए पनि आन्तरिकतर्फ अर्थतन्त्र जोखिमकै अवस्थामा रहँदा मौद्रिक नीतिको समीक्षामार्फत् सम्बोधन हुने अपेक्षा राखिएकोमा त्यसो हुन नसकेको पनि चेम्बरले जनाएको छ । चेम्बरले बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा आधार दरमा लिने प्रिमियमलाई अधिकतम २ प्रतिशतसम्म मात्र कायम गर्नुपर्ने बैंकदरलाई पाँच दशमलव पाँच बाट पाँच प्रतिशतमा कायम गनुपर्ने, चालुपुँजी कर्जासम्बन्धी मार्गनिर्देशनको कार्यन्वयन स्थगित गरी सरोकारवाला निकायसँग पर्याप्त छलफल गरी पुर्नलेखन गरिनुपर्नेलगायतका सुझावसमेत दिएको छ । त्यस्तै, कर्जा-निक्षेप अनुपात (सिडी रेसियो) ९० प्रतिशतको स्थानमा विगतमा झै निक्षेप-पुँजी-कर्जा अनुपात (सिसीडी रेसियो) ८५ प्रतिशत कायम गर्नुपर्ने वा सिडी रेसियोलाई ९५ प्रतिशत गरिनुपर्ने धारणासमेत चेम्बरको छ ।

**मौद्रिक नीतिको त्रैमासिक समीक्षामा के छ ?**

राष्ट्र बैंकको गत आइतबार बसेको सञ्चालक समितिको बैठकले वाणिज्य बैंकहरुको औसत ब्याजदर अन्तर चार दशमलव चार प्रतिशतबाट चार प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको औसत ब्याजदर पाँच प्रतिशतबाट चार दशमलव छ प्रतिशत कायम गर्ने निर्णय गरेको थियो । यसबाट बैंक तथा वित्तीय संस्थाले कर्जाको ब्याजदर तय गर्दा लिने प्रिमियम दर घट्न गई कर्जाको ब्याजदरमा समेत सन्तुलन आउने राष्ट्र बैंकले भनाइ छ ।त्यस्तै, कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरुले दोस्रो बजारमा जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई राष्ट्र बैंकले उक्त क्षेत्रमा न्यूनतम कर्जा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाउने व्यवस्था मौद्रिक नीतिको समीक्षाबाट गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाको तोकिएको कर्जा-निक्षेप अनुपात नपुगेमा उनीहरुलाई लाग्ने जरिवाना तरलता जोखिममा समेत आधारित हुनेगरी पुनरावलोकन गर्ने नीति पनि राष्ट्र बैंकले लिएको छ ।त्यस्तै, चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई संशोधन गर्नका लागि पनि राष्ट्र लचक देखिएको छ । मार्गदर्शन पुनरावलोकनका लागि माग गरिएका सुझाव हेरेर संशोधनको प्रक्रिया थाल्ने राष्ट्र बैंकले भनाइ छ ।

ञ बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा प्रबाह नगरेमा २०८० साल असार मसान्तसम्मको आधारमा २०८० साल पुसदेखि हर्जना गणना गर्ने व्यवस्था मिलाइने पनि राष्ट्र बैंकले जनाएको छ ।लघुवित्त वित्तीय संस्थाले आगामी माघदेखि आधार दर मासिक रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था पनि मौद्रिक नीतिको

# पोखरालाई विश्वसंग जोड्दै विमानस्थल

काठमाडौं, १३ मङ्सिर

पर्यटकीय नगरी पोखरा (कास्की)मा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुने भएपछि मुलुकको पर्यटन क्षेत्रमा आयाम थपिने पर्यटन व्यवसायीहरुले विश्वास व्यक्त गरेका छन् । सञ्चालनमा आउन लागेको पोखराको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुरु भएपछि पोखरासँग विभिन्न मुलुकको प्रत्यक्ष सम्पर्क स्थापित हुनेछ । यसअघि काठमाडौं भएर पोखरा आउने पर्यटक अब सिधै पोखरा झर्नसक्नेछन् । यसले पोखरामा विदेशी पर्यटकको आवगमन बढ्नुका साथै समग्र पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने व्यवसायीहरुको भनाइ छ । नेपाल भ्रमण वर्ष २०११ का संयोजक समेत रहेका होटल एसोसिएसन नेपाल (हान)का पूर्व अध्यक्ष पर्यटन व्यवसायी योगेन्द्र शाक्यले पोखरामा नयाँ अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आउनु मुलुकको पर्यटन क्षेत्रका लागि सुखद् विषय भएको बताए । विमानस्थल पर्यटन पूर्वाधारमा अति आवश्यक मानिन्छ, उनले भने , हाम्रो जस्तो भूपरिवेष्ठित मुलुकलाई संसारसँग जोड्ने सबैभन्दा उपयुक्त माध्यम यही हो । उनले विमानस्थल निर्माण निकै राम्रो भए पनि विमानस्थलको प्रभावकारी सञ्चालनका लागि यात्रुको सङ्ख्या बढाउनुपर्नेमा जोड दिए । पशिचमाञ्चल होटल व्यवसायी सङ्घका पूर्व अध्यक्षसमेत रहेका व्यवसायी विप्लव पौडेलले पोखरा विमानस्थल सञ्चालनमा आएपछि पोखरा आउने स्वदेशी र विदेशी पर्यटक बढ्ने विश्वास व्यक्त गरे ।

मुलुकको अर्थतन्त्रका सूचकांक राम्रो नभएको अवस्थामा, विमानस्थल निर्माण हुनु निकै राम्रो हो, उनले भने , विमानस्थल निर्माणले पोखराका पर्यटन व्यवसायीलाई उत्साहित बनाएको छ । पौडेलले नयाँ विमानस्थल निर्माण भएपछि रात्रिकालीन हवाई उडान पनि हुने र यसले आन्तरिक पर्यटक पनि बढाउनेमा विश्वास व्यक्त गरे । उनले विमानस्थल निर्माण भएपछि पोखराको पर्यटन विकासमा 'टर्निङ प्वाइन्ट' बन्नसक्ने उनको भनाइ छ । हानका केन्द्रीय प्रथम उपाध्यक्ष विनायक शाहले पोखरामा नयाँ विमानस्थल सञ्चालनमा आएपछि पर्यटनको विकासमा नयाँ आयाम थपिने बताए । विमानस्थल सञ्चालनमा आएपछि पर्यटन विकासमा नयाँ आयाम थपिनेछ, उनले भने , विमानस्थल निर्माण भएपछि पोखरामा भारतीय पर्यटकहरु उल्लेख्य सङ्ख्यामा बढ्नेछन् । हाल काठमाडौं ओर्लने ४० देखि ४५ प्रतिशत विदेशी पर्यटक पोखरा पुग्ने गरेको व्यवसायीहरुको भनाइ छ । नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको तथ्याङ्क छ । यीमध्ये ४० देखि ४५ प्रतिशत पोखरा पुग्छन् । यसरी पोखरा नेपालको दोस्रो पर्यटन गन्तव्य रहीआएको छ ।नेपाल पयर्टन बोर्डको तथ्याङ्क अनुसार पछिल्लो १० महिना अथाएत् जनवरीदेखि अक्टोबरसम्म चार लाख ७३ हजार पाँच सय ६३ पर्यटकले नेपाल भ्रमण गरेका छन् । जसमध्ये अक्टोबरमा मात्रै ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल आएका छन् । कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको सङ्ख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ । महामारी सुरु हुनुभन्दा अघि सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आइ दुई लाख ३० हजार ८५ जनामा सीमित भएको थियो ।

त्यसैगरी सन् २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका छन् । जुन अघिल्लो वर्षको तुलनामा ३४ दशमलव ४ प्रतिशतले कमी हो । पोखरा विमानस्थल नेपालको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थल हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ । उक्त विमानस्थल सञ्चालनमा आएको छ महिनापछि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनयोग्य भएको हो । क्यानले आगामी पुस १७ देखि पोखरा विमानस्थलमा व्यावसायिक उडान सञ्चालन गर्ने घोषणा गरिसकेको छ ।नवनिर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो अन्तर्राष्ट्रिय उडानका लागि बुद्ध एयरले आवश्यक तयारी गरिरहेको छ । यसका लागि बुद्ध एयरले क्यानसमक्ष उडान अनुमतिका लागि निवेदन दिएको छ । कम्पनीले पोखरादेखि भारतका बनारस, दिल्ली र देहरादुनमा उडान गर्ने योजना बनाएको छ । जसअन्तर्गत पोखरा विमानस्थलबाट हुने पहिलो उडानका रूपमा बुद्ध एयरले पोखरा-बनारस-पोखरा उडान गर्नेछ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सञ्चालन हुने आन्तरिक तथा बाह्य उडानका लागि ग्राउण्ड ह्याण्डलिङ 'भूमिस्त' सेवाका लागि बुद्धएयरले क्यानसमक्ष निवेदन दिएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार एक साता लामो यान्त्रिक उडान 'क्यालिब्रेसन फ्लाइट' सफलतापूर्वक सम्पन्न भएसँगै अन्तर्राष्ट्रिय उडानका लागि तयार भएको क्यानले जनाएको छ । यान्त्रिक परीक्षणको प्रतिवेदन क्यानले स्वीकृत गरेपछि एरोनोटिकल इन्फर्मेसन पब्लिकेसन (एआइटी) मा प्रकाशन गरिनेछ । उक्त प्रतिवेदनका आधारमा अन्तराष्ट्रिय विमान कम्पनीमा विमानस्थल सम्पूर्ण हिसाबले उडानका लागि तयार भएको जानकारी लिन्छन् र पोखरा गन्तव्यमा उडान गर्नसक्ने जनाइएको छ । तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झण्डै २२ अर्ब लागतमा निर्माण भएको छ । विमानस्थलमा दुई हजार पाँच सय मिटर लम्बाई र ४५ मिटर चौडाइको धावनमार्ग छ । उडान सञ्चालनअघि विमानस्थलको पूर्वपट्टि पर्ने रिट्टेपानीडाँडा कटानको पहिलो चरणअन्तर्गत १६ मिटर कटान कार्य सकिएको प्राधिकरणले जनाएको छ । धावनमार्गको 'अप्रोच' पर्ने भएकाले ४० मिटरडाँडा काटेर समतल बनाइनेछ । बाँकी २४ मिटर काट्न बाँकी छ ।रासस

# अझै किसानले मल पाएनन्



भजनी, १३ मङ्सिर

कैलालीको टीकापुर नगरपालिका-६ का रामकृष्ण चौधरी एकाबिहानै सहकारी संस्थाको कार्यालय अगाडि लाइनमा बस्नुभएको थियो । हिउँदे खेतीको समय भएका कारण सहजरूपमा रासायनिक मल नपाउँदा उहाँ मलका लागि लाइनम बस्नुभएको हो । किसान मल पाइन्छ कि भनेर लाइनमा हुँदा सहकारीको कार्यालय भने बन्द थियो । खेती लगाउने समयमा सबैभन्दा बढी पीडा मलको हुन्छ । सहजरूपमा मल नपाउँदा समयमा खेती गर्न सकिएको छैन, उनले भने , बजारमा मल पाइँदैन । सहकारीहरूले पनि आफ्ना सेयर सदस्यलाई मात्रै मल उपलब्ध गराउँछन् । मल नहालेर उब्जनी हुँदैन । सोही ठाउँका लक्ष्मण चौधरीले खेत जोतेर छाडेका छन । उनी मल नपाएपछि गहुँ छर्ने काम हुन नसकेको बताउछन । खेत जोतेको हप्ता दिनभन्दा बढी भइसक्यो । मल नपाएर गहुँ छर्न पाएको छैन, उनले भने , बर्सेनिको समस्या मल अभावको कहिल्यै समाधान हुन सकेन । यस्तो भए खेती गर्ने जाँगर पनि लाग्दैन । भजनी नगरपालिका-६ का सुरेश कठरिया खेतीपाती सकेर कमाउनका लागि बाहिर जाने तयारीमा छन । हिउँदे खेती लगाइसकेपछि चार-पाँच महिना घरमा खाली बस्नुपर्ने भन्दै त्यो समयमा ज्याला मजदुरी गरेर घरको अन्य खर्च टार्नका लागि कमाउन जाने तयारीमा रहनुभएका सुरेशलाई मल नपाउँदा समस्या भएको छ । उनले १५ बिघा क्षेत्रफलमा खेती गर्दै आउनुभएकामा जसोतसो पाँच बिघामात्रै गहुँ छर्न सफल भएको बताए । समयमै मल पाएएको भए सबै खेतमा गहुँ छरिसकिन्थ्यो । मल नहालेर गहुँ छरेभन्दा नछरेजस्तै हो, उनले भने , मल नपाउँदा यता खेती पनि सयममा लगाउन सकिएन भने उता कमाउन जाने भनेको ठाउँमा पनि जान सकिएको छैन । भजनीका गणेश साउदको समस्या पनि उस्तै छ । उनले हिउँदे बाली लगाइसके , तर निकै मेहेनत गरेर । स्थानीय बजारमा रासायनिक मल नपाएपछि निकै कष्टका साथ छिमेकी बजार भारतबाट मल ल्याएर खेती लगाउनुपरेको उनको भनाइ छ ।स्थानीय बजारमा मल पाइएन । मल भएका सहकारीले हामीलाई मल दिएन, उनले भने , नभन्नुपर्ने कुरा हो तर लुकीचोरी भारतबाट मल ल्याएर खेती लगाउनुपर्ने बाध्यता भयो । स्थानीय बजारमा रासायनिक मलको चरम अभाव छ । मल खरिदका लागि अख्तियारी पाएका सहकारीले माग भएअनुसारको मल खरिद गर्न पाएका छैनन् । मुख्य आपूर्तिकर्ताको रूपमा रहेका कृषि सहकारीमा दैनिक किसान सहकारी धाउने गरेका छन् । बर्दियाको राजापुरका भीमबहादुर चौधरी मल पाइन्छ भनेर कैलालीको जानकी गाउँपालिका-४ मा रहेको बिजवृद्धि कृषक सहकारी संस्थामा पुग्नुभयो । सहकारीमा मल नपाएपछि उनी रित्तो हात फर्किनुपरेको बताउछन । कताकता मल पाइन्छ भन्ने खबर सुनेपछि मलका लागि यहाँ आएका हौं, यता पनि मल रहेनछ, उनले भने , बर्दियामा मल नपाउँदा कैलाली पुगियो तर पनि मल पाइएन, अब खेती कसरी लगाउने ? बिजवृद्धि कृषक सहकारी संस्थाले बीउ उत्पादनको काम गर्छ भने रासायनिक मल खरिद बिक्रीको काम पनि गर्दै आएको छ । अन्य कृषि सहकारीको भन्दा बढी मात्रामा मल बिक्री गर्दै आएको सहकारीले पनि माग भएबमोजिम मल नपाउँदा किसानलाई रित्तै फर्काउनुपरेको बताएको छ । सहकारीका व्यवस्थापन गोविन्दराज रावतले बिजवृद्धिका लागि बीउ उत्पादन गर्ने किसानलाई नै मल पुऱ्याउन नसकिएको बताए । मलको निकै अभाव छ, त्यसमा पनि डिएपी मल पाइँदैन, उनले भने , मल नपाएका कारण खेती गर्ने समय बित्दै गएको छ । किसान मलको खोजीमा दौडधुप गर्दैछन् । टीकापुर नगरपालिका-८ मा रहेको धनसिंहपुर कृषि सहकारी संस्थाले पनि किसानको माग अत्यधिक भएका कारण मलको आपूर्ति गर्न नसकेको जनाएको छ । संस्थाका अध्यक्ष धनसिंह साउदले भने , मल विक्रेता डिपोले ५०-६० कट्टा मल दिन्छ । एउटै किसानलाई १०-१२ कट्टा मल चाहिएको हुन्छ । कसरी पुऱ्याउन सकिन्छ यस्तो अवस्थामा ? रासस

# सुन्तला खेतीले फेरिएको दोसल्लेका किसानको जीवनशैली

गलेश्वर, १३ मङ्सिर

बिहान उठेदेखि राति अँध्यारो नहुँदासम्म सुन्तला बगैँचामै व्यस्त हुन्छिन् मायादेवी पुन । बिहान खाए बेलुकी के खाउँ ? जाडो बढ्दा न्यानो के लाउँको अवस्था भोगेकी पुनको दैनिकीमा अहिले परिवर्तन आएको छ । सुन्तलाले फेरिदियो ३८ वर्षीया पुनको जीवनशैली । उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि अलि वर कालीगण्डकी नदीको पक्की पुल पार गरेर दायाँ मोडिएपछि यातायातका साधनमार्फत करिब २० मिनेटको यात्रापश्चात् पुगिन्छ अन्नपूर्ण गाउँपालिका-७ मा पर्ने दोसल्ले गाउँ ।शिरमा टिकोट र पुछारमा कालीगण्डकी नदी अनि बीचमा हरिया डाँडा र जङ्गलको बीचमा पश्चिम दक्षिण मोहोडा गरेर फैलिएको चिटिक्कको छ दोसल्ले गाउँ । यो गाउँमा ५२ घरधुरीको बसोबास छ । सबै घरधुरीका साना ठूला सुन्तलाका बगैँचा छन् । तिनै बगैँचामा फलेका सुन्तला बिक्री गरेर यहाँका बासिन्दाको जीवनशैलीमा निकै परिवर्तन भएको छ ।हाम्रा लागि सुन्तलाको बगैँचा नै युरोप, अमेरिका हो । सुन्तलाका बोट हाम्रा रोजगारदाता हुन् । छोराछोरीको जस्तै माया लाग्छ यी बोटको, शनिवार दोसल्लेको सुन्तला बगैँचामा यस संवाददातासँग हँसिली मायादेवी पुनले भने , गत वर्ष दुई लाखको सुन्तला बोटबाटै बेचेँ, यस वर्ष नयाँ बोटमा फल लागेको छ, उत्पादन राम्रो भएकाले निर्माण व्यवसायीले रु चार लाखमा बोटबाटै सुन्तला खरिद गरेका छन् ।दोसल्लेका मिलन गर्बुजा, डिलमाया पुन, प्रेमबहादुर पाइजा लगायतका ५० कृषकले सुन्तलाबाट गत वर्षको भन्दा दोब्बर आम्दानी लिएका छन् । सबै कृषकका बगैँचामा लटरम्मै सुन्तला छन् । सुन्तला खरिद गर्न बगैँचामा नै आएका व्यापारीसँग उनीहरु मोलमोलाइमा व्यस्त छन् । भर्खरै सम्पन्न चुनावको मत सङ्ख्या गन्ती हुँदै गर्दा दोसल्लेका कृषकहरुलाई भने सुन्तलाको हिसाब किताब गर्न भ्याइनभ्याइ छ । २०५८ सालदेखि दोसल्लेमा व्यावसायिक सुन्तला खेती सुरु भएको अन्नपूर्ण गाउँपालिकाकी पूर्वउपाध्यक्ष केशमाया मगरले बताए । पहिला बारीमा दुई मुरी कोदो फल्थ्यो, वैदेशिक रोजगारी वा परम्परागत खेतीपातीबाट नै यहाँका बासिन्दाको जीवन चल्थ्यो, मगरले भने , तर अहिले अवस्था फेरिएको छ । विदेश गएका पनि गाउँमा नै फर्केर सुन्तला खेतीमा लागेका छन् । गाउँको कोदोबारी अहिले सुन्तला बगैँचामा परिणत भएको छ ।सुन्तला खरिद गर्न काठमाडौं, चितवन र पोखरादेखि व्यापारी बगैँचामा नै आउछन् । बिक्रीको कुनै चिन्तै छैन । बोटमा सुन्तला फलेपछि घरमै पैसा आउँछ, दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्ष प्रेमबहादुर पाइजा भन्छन, अरू ठाउँको भन्दा यहाँको सुन्तला हेर्दा आकर्षक र खाँदा रसिलो हुने भएकाले व्यापारी पहिला यहाँका सुन्तला नै खोज्दै आउँछन् ।यस वर्ष कात्तिकको तेस्रो सातासम्म २० व्यापारी आएका छन् । गाउँका प्रायः सबै किसानका सुन्तला बोटबाट नै बिक्री भइसकेका छन् । व्यापारीले बगैँचाबाटै प्रतिकिलो रु ९५ का दरले सुन्तला खरिद गर्छन् । दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्ष पाइजाले गत वर्ष ६२ हजार पाँच सय किलो सुन्तला निकासी हुँदा रु ७५ लाख गाउँमा भित्रिएको र यस वर्ष करिब दुई सय नयाँ सुन्तलाका बोटमा पनि फल लागेको र उत्पादन पनि राम्रो भएकाले करिब रु दुई करोडको हाराहारीमा सुन्तला निकासी हुने जानकारी दिए । तथ्याङ्कमा म्याग्दीका सुन्तला म्याग्दीमा ६ सय ४० हेक्टर क्षेत्रफलमा सुन्तला खेतीले ढाकेकामा तीन सय ४५ हेक्टरमा रहेको सुन्तलाले उत्पादन दिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा विगतका वर्षको तुलनामा भन्दा सुन्तला उत्पादन बढेको बताउँदै कृषि ज्ञान केन्द्रका प्रमुख किरण सिग्देलले दुई हजार ३० मेट्रिक टन सुन्तला उत्पादन भई रु १० करोडभन्दा धेरैको कारोबार भएको बताए । अघिल्लो आव २०७७/७८ मा म्याग्दीको सुन्तलामा 'चाइनिज सिड्रस फुडफ्लाई' नामक औंसा किराको प्रकोप देखिएर २५ प्रतिशतले उत्पादन घटेको थियो । तर गत आर्थिक वर्ष भने सुन्तलाको बोटमा खाद्य पासो थापेर औंसा किराको प्रकोप नियन्त्रण, किसानलाई तालिम, प्लास्टिकको थैला सहयोग तथा निरन्तरको अनुगमनले सुन्तला उत्पादन बढेको कृषि ज्ञान केन्द्रका प्रमुख सिग्देलले जानकारी दिए । बर्सेनि सुन्तलाको क्षेत्रफल विस्तार एवम् उत्पादन बढ्दै जान थालेको छ । गत वर्ष सुन्तला खेतीको प्रवर्द्धन तथा किसानलाई प्रोत्साहन गर्न कृषि ज्ञान केन्द्र म्याग्दीले रु ११ लाखको बजेटमा विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो ।म्याग्दीमा बेनी नगरपालिकाभित्र भकिम्लीको मरेक, राखु, सिङ्गाको बास्कुना, मङ्गला गाउँपालिकाको कुहुँ, भर्जुला, बराङ्जा, भोर्लेनी, अर्मन, मालिकाको विम, ओखरबोट, देवीस्थान, धवलागिरिको ताकम, हिलापोखरी, मुदीको खाम्ला, रघुगङ्गाको राखु क्षेत्र, वेगखोला, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, हिस्तानको दोसल्ले, घारलगायत क्षेत्र सुन्तला उत्पादनको पकेट क्षेत्र मानिन्छन् । म्याग्दीमा झन्डै पाँच सयजना किसान



धनुषा निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएकी जुलीकुमारी महतो र धनुषा निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित रघुवीर महासेठ । तस्बिरः चन्द्रदेव साह/रासस

## जीतपुरसीमरामा स्थानीयले.................................

सम्बोधन गरेको दावी गरेका छन् । 'रोग किरा, झिँगा नियन्त्रणका लागि दवाइ र छिट्न स्थानियहरुलाई नै रोजगारी दिएर काम भईरहेको छ' नगरप्रमुख पौडेलले भने । फोहर थुपारिएको क्षेत्र दुधौरा आसपासका स्थानिय विद्यालयमा पढ्ने बालबालिकालाई उचित शिक्षाका लागि शैक्षिक सामग्री प्रदान गर्ने, डम्पिङ्ग क्षेत्र वरपर कम्पाउड गरी घेराबारा लगाउने काम भएको उपमहानगरले जनाएको छ । 'उद्योग खोल्ने प्रक्रियामा हामी लागि परिरहेकै छौँ तर पनि यहाँ फोहोरमाथि राजनीति धेरै भयो,वडाध्यक्ष लगायतका व्यक्तिहरुले नै अहिले फोहोरको गाडी रोकेर फोहोर फाल्न नदिएको अवस्था छ' नगरप्रमुख पौडेलले भने । यता जितपुरसीमरा उपमहानगर वडा नं १ का वडाध्यक्ष हिराबहादुर गुरुंङ्ग फोहोर व्यवस्थापनका लागि आफु लागि परिरहेको अवस्थामा अवस्थामा आफुमाथि लागेको आरोप गलत भएको बताएका छन् । आफूले गाडी रोकेर फोहोर फाल्न नदिएको र गाउँलेलाई उचालेर आन्दोलन गर्न लगाएको प्रमाण भेटिए कारवाही भोग्न तयार भएको वडाध्यक्ष गुरुङ्गले बताए । यता जीतपुर सिमरा उपमहानगरपालिकाका फोहोर व्यवस्थापन शाखा प्रमुख दुर्गा न्यौपाने कार्यपालिका बैठक बस्न नसक्दा फोहर ब्यवस्थापन समिति गठन हुन नसकेको बताउछिन् । जितपुरसीमरा उपमहानगरमा दैनिक २ टिपर फोहर उत्पादन हुन्छ । उपमहानगरको २४ वटा वडा मध्ये वडा नं १,२,७,८,९, १४,१५ मा सबैभन्दा धेरै फोहर उत्पादन हुने गर्दछ । उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत चेतकुमार पोखेलले फोहोर व्यवस्थापनका लागि उपमहानगरभित्र जग्गा खोज्ने काम भईरहेकाले उपयुक्त स्थान छनोट गरेर संरचना बनाएपछि दुधौरा खोला छेउमा फोहोर नफालिने बताए । उनले घरबाट उत्सर्जन हुने फोहोरलाई अर्गानिक मल बनाउन उद्योग खोल्ने, प्लाष्टिकजन्य पदार्थलाई पेलेर पाइप बनाउनसमेत सकिने बताए । उपमहानगरले फोहोर व्यवस्थापनका लागि ठेक्कमा मासिक ५ देखि ६ लाख लाग्ने गरेको छ ।

## वैदेशिक रोजगार: रेमिट ........................

१०.वैदेशिक रोजगार नीति केवल नेपालीहरू विदेशमा काम गर्न जानेलाई मात्र हो। विदेशीहरू नेपालमा आई काम गर्नेलाई यो नीति आकर्षित हुँदैन भन्ने भावको नीति बनेको छ। यो ठीक भएन। दुवैलाई नीतिमा समावेश गर्ने वेला आइसकेको छ। राष्ट्रिय रोजगार नीति र वैदेशिक रोजगार नीति बीच तादात्म्य हुन सकेको छैन।

रोजगार नीतिमा छिमेकी देश भारतमा काम गर्न जानेको संख्या थाहा पाउन आवश्यक ठानिएको छैन र मौन छन्। यसमा कम्तीमा पनि अभिलेख राख्नुपर्ने विषय पनि बिरलै उठाइन्छ।

विद्यमान नीतिमा संशोधन गर्नुपर्ने विषय

हालसम्मका श्रम नीति र कानूनहरू श्रमिकको आवागमन र हक अधिकार सुनिश्चित गर्न बनाउनुपर्नेमा यसो हुन सकेको छैन। अबको नीति प्रविधि, अन्तर्राष्ट्रिय श्रम बजार र आवागमनमा आएका परिवर्तनहरूलाई ध्यान दिई परिमार्जन गर्नुपर्ने स्पष्ट छ।

वैदेशिक रोजगार नीति, २०६८ को पृष्ठभूमिमा उल्लिखित विषय सन्दर्भहरू हाल असान्दर्भिक भइसकेका छन्। यस नीतिले बेरोजगार समस्या समाधान गर्ने एउटा आकर्षक विकल्प भनी वैदेशिक रोजगारलाई प्रशंसा गर्न खोजेको देखिन्छ जुन तर्कसङ्गत छैन। वैदेशिक रोजगारीले बेरोजगार समस्या समाधान गर्ने होइन। देशमा आर्थिक क्रियाकलापहरूको वृद्धि भए मात्र बेरोजगार समस्या समाधान हुन्छ। फेरि रोजगारी त्यसै सिर्जना हुने विषय पनि होइन आर्थिक क्रियाकलापहरूको वृद्धि भए मात्र रोजगार समस्या समाधान हुन्छ । यसलाई नीतिले भित्रैबाट अंगीकार गर्न सक्नु पर्छ।

समग्रमा हालको नीति केही अपवादबाहेक स्वरूपमा ठीकै देखिन्छ तर सारमा यसको परिमार्जनको आवश्यकता देखिन्छ। यस नीतिले समस्या तथा चुनौतिहरू भने राम्ररी पैल्याएको छ। आज पनि तिनै समस्या र चुनौतीहरू विद्यमान छन् तर यसले राखेको लक्ष्यमा परिमार्जनको आवश्यकता छ। वैदेशिक रोजगारीबाट दिगो विकासको परिकल्पना गरिएको छ। वैदेशिक रोजगारीलाई निरन्तरता दिने भावमा नीतिको लक्ष राखिएको देखिन्छ। अबको नीतिमा केही समयको लागि मात्र वैदेशिक रोजगारीमा भरपर्ने हो त्यसपछि यसलाई निरूत्साहन गर्नुपर्छ भन्ने अर्थ दिने (सन् सेट् पोलिसी) लक्ष राखिनुपर्छ।

यस नीतिको उद्देश्यमा पनि मुलुकको जनशक्ति मुलुकको विकासको लागि लगाउने हो भन्ने भाव दिने वाक्यहरू राखिनु पर्छ। वैदेशिक रोजगार नीति, २०६८ का नीतिहरूमा देश बाहिर रोजगार खोजी गर्ने भन्ने छ। यसको सट्टा देश भित्रै रोजगारी खोजी गर्ने भन्ने उल्लेख हुँदा उपयुक्त हुन्छ। नीतिमा जनशक्ति विकास गरी बाहिर पठाउने भन्ने उल्लेख छ। यसको सट्टा देशमा नै लगाउने भन्ने हुनुपर्छ।

बुँदा (ग) कार्यान्वयन भएमा बुँदा (ङ) स्वतः प्राप्त हुन्छ। यो परिणाम हो, छुट्टै बुँदा राखिराख्न परेन। बुँदा (च) अनुसार वैदेशिक रोजगारमा स्थानीय र राष्ट्रिय स्रोत साधन परिचालन गर्ने भन्ने छ। यसको सट्टा स्थानीय र राष्ट्रिय स्रोतसाधन देश विकासको लागि परिचालन गर्ने भन्ने हुनुपर्छ।

राष्ट्रिय योजना आयोगद्वारा वैदेशिक रोजगारी नीतिसम्बन्धमा गराइएको अध्ययन प्रतिवेदन को सम्पादित अंश।

आवरण तस्बिरः सिटिइभिटिद्वारा सञ्चालित पोखराको स्कुलमा खाना पकाउने सीप सिक्दै विद्यार्थी।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## मधेश प्रदेशमा ........

पार्टीको प्रत्यक्षमा ६ र समानुपातिकमा ७ सिट आउने संभावना छ ।एमालेको २५, जसपाको १६ र जनमतको १४ समेत जोडदा ५५सांसद हुने आंकलन देखिन्छ ।

यता सत्तारुढ गठबन्धनमा प्रत्यक्षतर्फ कांग्रेसले १३ जितेको र समानुपातिकमा १० सिट आउने निश्चित छ । माओवादीको प्रत्यक्षमा ४ र समानुपातिकामा ६, लोसपाको प्रत्यक्षमा७ र समानुपातिकामा ५, नेकपाएसको प्रत्यक्षमा४ र समानुपातिकमा ५ सहित ५४ सिट आउने देखिन्छ । दुवै गठबन्धनको यस्तै अवस्थाकायमा रहे स्वतन्त्र सांसदको आवश्यकता नपर्न पनि सक्छ ।

सत्ता गठबन्धनका भने माओवादीका नेता समेत रहेका मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री भरत साहले सरकार बनाउँन छलफल भइसकेको बताउँदै भन्छन् ' सरकार बनाउनेबारे गठबन्धन भित्र आन्तरिक छलफल शुरु भइसकेको छ । तर नेतृत्व कसले गर्ने भन्नेबारे अहिले कुरा भएको छैन ।' उता लोसपाका प्रदेश अध्यक्ष जितेन्द्र सोनलले पनि प्रदेशमा सरकार बनाउनेबारे गठबन्धन भित्र छलफल शुरु भइसकेको बताउदै सरकारको नेतृत्वकसले भन्ने बारे कुरा नभएको जानकारी दिए । गठबन्धन दलभित्र छलफल भएपछि मात्रै केहीभन्न सकिने सोनल बताउँछन् ।

गठबन्धन नेतृत्वकर्ताहरु बहुमत आउने कुरामा ढुक्क भएपनि स्वतन्त्र सांसदहरुसँग पनि कुरा थालिसकेको श्रोतको दाबी छ । दुवै गठबन्धनले स्वतन्त्र सांसदसँग कुरा राख्दा मन्त्रालयमा बार्गेनिङ्ग भइरहेको बुझिएको छ ।

## ३६ वर्षपछि शेरे धनुषाको ..................................

महासेठले चुनाव जितेका हुन्।

एमालेका प्रदेशसभा सदस्य शिवशंकर साह हीराले सामाजिक सञ्जालमा 'रघुवीर महासेठ शेरे धनुषा मात्रै होइन, शेरे मधेश हुन् भनेर सम्बोधन गरेका ।'

महासेठ दामपत्यको राजनीतिक यात्रा नेकपा एमालेको विद्यार्थी संगठन अनेर स्ववियुबाटै राजनीति सुरु गरेपनि राजनीतिमा महासेठको खासै सक्रियता थिएन। पछि भारतको राँचीस्थित बीआईटीबाट इन्जिनियरिङको अध्ययन सकाएर महासेठ जागिरका लागि इलाम पुग्दा एमाले पार्टीमा सक्रिय भएका थिए । त्यहाँ उनले एमालेको जिल्ला सचिव भएर समेत काम गरेको थिए । इलाममै एमालेका तत्कालीन प्रभावशाली नेता झलनाथ खनालसँग उनको घनिष्ठता बढ्दै गयो। त्यो समयमा उनको निकटता माधवकुमार नेपालसँग पनि बढ्दै गएको थियो । राजनीतिमा सक्रियता बढेपछि पछि माधव नेपालको पैरवीका आधारमा महासेठलाई उदयपुर सिमेन्टको महाप्रबन्धक (जीएम) बनाइएको थियो ।

यसपछि नेपालका धनाढ्य व्यापारीमध्येका एक डा. उपेन्द्र महतोको बहिनी जुलीकुमारी महतोसँग महासेठको विवाहपछि उनको राजनीति सक्रिय रुपमा अघि बढेको हो । उदयपुर सिमेन्टको जीएम पदबाट हटेपछि महासेठले एमालेको सक्रिय राजनीतिलाई तीव्रता दिएको एमाले नेताहरुको भनाई छ ।


त्यसपछि एमालेभित्र महासेठले किता परिवर्तनको खेल शुरु गरे । उनी माधव नेपालको साटो वामदेव गौतमको विश्वास पात्रका रूपमा आफूलाई स्थापित गर्न सफल भए।महासेठ २०५४ सालमा एमाले विभाजन हुँदा मालेको केन्द्रीय सदस्यसमेत बने। एमालेको २०५९ सालको सातौं महाधिवेशनबाट महासेठ केन्द्रीय सदस्य बने। आठौं महाधिवेशनमा भने ओली इतर समूहमा रहँदा केन्द्रीय सदस्य पदमा हारे । लामो समयसम्म एमालेभित्र वामदेव गौतमको विश्वास पात्रका रूपमा रहेका महासेठ २०७१ मा सम्पन्न एमालेको नवौं महाधिवेशनमा सचिव पदका उम्मेदवार बने तर हारे। त्यो हारसँगै महासेठ केपी शर्मा ओलीको नजिक हुन पुगे। तर ओलीको प्यानलबाट पार्टीको सचिव पदमा लडेका महासेठ केन्द्रीय सदस्य पदमा समेत जित हासिल गर्न सकेनन् । महासेठ पहिलोपटक २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा धनुषा क्षेत्र नम्बर ४ बाट चुनाव लडे तर हारे । पछि धनुषा ५ बाट निर्वाचित डा. रामवरण यादव नेपालको प्रथम राष्ट्रपति भएपछि उपनिर्वाचनबाट उनको संसदीय यात्रा शुरु भयो । संविधान जारी भएपछि २०७४ सालमा भएको निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाटै नेपाली कांग्रेसका महेन्द्र यादवलाई हराउँदै विजयी भए। निर्वाचनपछि ओली नेतृत्वको सरकार गठन हुँदा महासेठलाई २०७४ चैत २ गते भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइयो। त्यसपछि उनी पुनः निर्वाचित भएका हुन । यता जुलीकुमारी महतो पनि तीन दशकदेखि राजनीतिमा क्रियाशील छिन्। तर उनको संसदीय यात्रा २०६४ मा मात्रै सुरु भएको हो । संविधानसभा सदस्य निर्वाचन २०६४ का बेला एमालेबाट उनी समानुपातिक सदस्य भइन्। संविधानसभा सदस्य निर्वाचन २०७० मा धनुषा-३ मा उनलाई नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिले हराए। त्यसपछि २०७४ सालमा पुनः उनी समानुपातिक सदस्य बनिन्। यसपटक पनि समानुपातिकतर्फ जाने सोच बनाएकी थिइन । पार्टीमा लगातार दुई पटक समानुपातिक सांसद हुन नसक्ने व्यवस्था भएपछि उनी प्रत्यक्षतर्फ लडेकी थिइन ।





युक्रेनी ट्याङ्करहरू पूर्वी युक्रेनमा अज्ञात फ्रन्टलाइन पोजिसन नजिकैको मैदानमा आफ्नो ट्याङ्कीको माथि उभिरहेका छन्, युक्रेनमा रूसी आक्रमणको बीचमा ।
(तस्बिर येभेन टिटोभ / एएफपी)

# यु-१९ क्रिकेटमा प्रदेश-१ विजयी




काठमाडौं, १३ मङ्सिर
यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा प्रदेश-१ विजयी भएको छ । मूलपानी क्रिकेट मैदानमा मंगलवार भएको खेलमा प्रदेश १ ले मधेश प्रदेशलाई १० विकेटले पराजित गरेको हो । मधेश प्रदेशले दिएको ७१ रनको लक्ष्य प्रदेश-१ ले १९ दशमलव २ ओभरमा कुनै विकेट नगुमाई पूरा गर्यो । प्रदेश-१ को जीतमा सोनु अन्सारीले अविजित ४५ रन बनाउँदा सुभम गहतराजले अविजित २४ रन बनाए । टस जितेर पहिले ब्याटिङ गरेको मधेश प्रदेशले ३१ दशमलव ३ ओभरमा अलआउट हुँदै ७० रन बनाएको थियो । मधेश प्रदेशका लागि मयन यादवले १९ तथा डब्लु मल्लिकले १२ रन बनाए । अन्य ब्याटरले भने दोहोरो अङ्कमा रन बनाउन सकेनन् । प्रदेश-१ का लागि विपिन महतो र कप्तान दिपेश कँडेलले समान तीन/तीन विकेट लिए भने सन्देश भट्टराईले २ विकेट लिए । त्यस्तै आशीष मगर र आश्विन महतोले समान १/१ विकेट लिए । जीतसँगै प्रदेश-१ ले फाइनल पुग्ने सम्भावना जीवित राखेको छ । प्रदेश-१ को चार खेलबाट चार अङ्क भएको छ । पराजित मधेश तीन खेलमा अङ्कविहीन छ । प्रतियोगितामा प्रदेश-१, मधेश प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता छ । प्रतियोगिताको विजेताले रु दुई लाख तथा उपविजेताले एक लाख पाउने छन् ।रासस

# इथियोपियाको टिगरेमा पर्याप्त मात्रामा सहायता पुगेन

संयुक्त राष्ट्रसङ्घ, १३ मङ्सिर
विगत लामो समयदेखि हिंसात्मक विद्रोह जारी रहेको इथियोपियाको टिगरेमा आवश्यकताअनुसारको सहयता पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीहरुले सो कुरा बताएका हुन् ।

यहाँ केही हप्ताअघि इथियोपियाली सरकार र यहाँका विद्रोहीका बीचमा शान्ति सम्झौता भएको थियो ।सो सम्झौता बमोजिम टिगरेमा मानवीय सहायता वितरणको काम सुरु भएको छ । विद्रोहीहरुले यसअघि सो क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरुले वितरण गर्दै आएको सहायता वितरणको काम पनि हुन दिएका थिएनन् ।हाल त्यहाँ सहायता वितरण गर्न दिइए पनि अहिले यहाँ आवश्यक परेजति सहायता पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता वितरणसम्बन्धी एजेन्सी, ओचाले जनाएको हो ।इथियोपियाली सरकार र टिगरे पिपुल्स लिबरेसन फ्रन्टका बीचमा अघिल्लो महिना युद्धविराम भएर यहाँ गर्न पाउने शान्तिपूर्ण कार्यहरुको सम्झौता पनि भएको छ ।

त्यस अन्तर्गत यहाँका नागरिकलाई आवश्यक पर्ने सहायता वितरणको काम पनि परेकाले राष्ट्रसङ्घीय निकाय र ती निकायको समन्वयमा अन्य सहायता संस्थाहरुले वितरण गरिरहेका बताइएको छ ।इथियोपियाली सरकार र सो फ्रन्टका बीचमा भएको युद्धविराम जारी छ र यसैमार्फत शान्ति स्थापनाका लागि वार्ताका माध्यमबाट पहल भइरहेको जनाइएको छ । टिगरेका कम्तीमा पनि ५० लाख मानिसलाई खाद्यान्नको आवश्यकता परेको बताइएको छ । यहाँका नागरिकलाई खाद्यान्न अभावसँगै बालबालिका कुपोषणको शिकार हुन पुगेका छन् ।संयुक्त राष्ट्रसङ्घीय बालकोषले हालै प्रकाशन गरेको एक प्रतिवेदनमा टिगरेका करिब ३० प्रतिशत बालबालिका कुपोषणको शिकार भएका छन् । (रासस/सिन्ह्वा)



# विश्वकप फुटबल: समूह जी मा ब्राजिल शीर्षस्थानमा

काठमाडौं, १३ मङ्सिर
पोर्चुगलले उरुग्वेलाई पराजित गर्दै फिफा विश्वकप फुटबलको अन्तिम १६ मा स्थान बनाएको छ । कतारको लुसाइल स्टेडियममा मंगलवार बिहान सम्पन्न खेलमा उरुग्वेलाई २-० गोलअन्तरले हराउँदै पोर्चुगल नकआउट चरणमा पुगेको हो । पोर्चुगलले समूह 'एच' बाट लगातार दुई खेल जित्दै नकआउट चरणमा स्थान बनाएको हो । पोर्चुगलको जितमा ब्रुनो फर्नान्डेसले नायक बने । खेलको ५४औं मिनेटमा ब्रुण्नोले गोल गर्दै पोर्चुगललाई सुरुआती अग्रता दिलाएका थिए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा ब्रुनोले पेनाल्टीबाट व्यक्तिगत दोस्रो गोल गर्दै पोर्चुगललाई २-० को जित दिलाए । उरुग्वेका जोसे जिमिनेजले पेनाल्टी क्षेत्रमा ह्यान्डबल गरेपछि भीएआरमा पोर्चुगलले पेनाल्टीको अवसर पाएको थियो । पोर्चुगलले २ खेलमा छ अङ्क जोडेको छ । पराजित उरुग्वेको १ अङ्क छ ।त्यसैगरी



कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह 'जी' मा ब्राजिल नकआउट चरणमा पुगेका छ । कतारको स्टेडियमा ९७४ मा गए राति भएको खेलमा स्वीट्जरल्याण्डलाई १-० गोलअन्तरले हराउँदै ब्राजिल नकआउट चरणमा पुगेको हो । ब्राजिलको जितमा कासिमिरोले निर्णायक गोल गरे । उनले खेलको ८३औं मिनेटमा गरेको एक गोल नै निर्णायक गोल सावित भयो । यस जितसँगै ब्राजिलले लगातार दोस्रो जित निकाल्दै खेलमा छ अङ्क जोडेको छ । समूह 'जी' मा ब्राजिल शीर्षस्थानमा छ । स्वीट्जरल्याण्ड दुई खेलमा तीन अङ्क जोडेर दोस्रो स्थानमा रहेको छ ।रासस

# पाकिस्तानका नयां प्रमुख सेनापतिले सम्हाले कमाण्ड

इस्लामाबाद, १३ मङ्सिर
लेफ्टिनेन्ट जनरल असिम मुनीरले पाकिस्तानको १७ औं सेना प्रमुखको रुपमा कमाण्ड सम्हालेका छन् । सेना प्रमुख जनरल कमर जावेद बाजवाको बिदाईसँगै उनले आज कमाण्ड सम्हालेका हुन् ।देशको सबैभन्दा शक्तिशाली व्यक्तिको रूपमा आफ्नो छ वर्षको कार्यकालको अन्त्य गर्दै जनरल बाजवाले रावलपिण्डीमा आयोजित एक समारोहमा लेफ्टिनेन्ट जनरल मुनीरलाई कमाण्डको प्रतीकका रुपमा रहेको डण्डा हस्तान्तरण गरेका दैनिक अखबार डनले जनाएको छ । बाजवाले करिब



छ वर्षको विस्तारित कार्यकाल पूरा हुनुभन्दा केहीअघि जनरल मुनीर र जनरल साहिर शमशाद मिर्जासहित छ जनालाई संभावित भावी प्रधानसेनापतिका रुपमा चित्रित गरिएको थियो । जनरल मुनीरको नियुक्तिसँगै नयाँ सेना प्रमुखको नियुक्तिलाई लिएर फैलिएका अफवाह, अनिश्चितता र अनुमानको पटाक्षेप भएको छ । पाकिस्तानमा पूर्व प्रधानमन्त्री इमरान खान, उनका अनुयायी र उनको सामाजिक सञ्जालका समर्थकले गत वैशाखमा अप्रिलमा पीटीआई सरकारलाई इस्लामाबादको पावर कोरिडोरबाट बाहिर निकालेपछि पाकिस्तानी जनतामा अभूतपूर्व उन्माद छाएको थियो । सरकारले खानलाई राजनीतिक लाभका लागि नयाँ सेना प्रमुखको नियुक्तिलाई विवादास्पद बनाएको आरोप लगाएको थियो । (रासस/एएनआई)

# उरुङ्चीका विशेष नीति

उरुङ्ची, १३ मङ्सिर
उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रको राजधानी उरुङ्चीले कोभिड-१९ को महामारीबाट प्रभावित भएकाहरूलाई सघाउन विशेष नीति तर्जुमा गरेको छ । कोभिडका कारण राज्यमा परेको प्रभावबाट जनसाधरणमा परेको असर कम गर्न विशेष नीति तर्जुमा गरिएको हो । महामारीका कारण कठिनाइका साथ जीवन यापन गरिरहेका उरुङ्चीका बासिन्दाका निम्ति आधारभूत जीविकोपार्जन सुनिश्चित गर्न विशेष नीति बनाइएको उरुङ्ची सहर सरकारका उपमहासचिव ली यान्मेईले बताएका छन् । उरुङ्चीमा महामारीकोस्थितिमाक्रमशःसुधार भइरहेको, कम जोखिम भएका क्षेत्रमा जनजीवन सामान्यतर्फ फर्किरहेको, सुपरमार्केट, फार्मेसी र रेष्टुरेन्टलगायत अत्यावश्यक व्यवसाय पनि क्रमशः सञ्चालन हुन थालेका भएपनि प्रभावितलाई सघाउन विशेष नीति ल्याइएको उनले बताए । उपमहासचिव लीका अनुसार अति कम वा आम्दानी नभएका नागरिकलाई भत्ता उपलब्ध गराउने, नगरको सार्वजनिक भाडा आवास योजनाअन्तर्गतका परिवारलाई पाँच महिनाको भाडा छुट दिने, रोजगारीमा कठिनाइ भएका तथा न्यून आय भएका समूहलाई सार्वजनिक सेवामा रोजगारी प्रदान गरिनेलगायत नीति अब कार्यान्वयन गरिने छ । (रासस/सिन्ह्वा)

# नेत्रहीन टी-२० विश्वकप : नेपालले पहिलो खेल भारतसंग खेल्ने

१३ मंसिर, काठमाडौं
आगामी डिसेम्बर ४ देखि १७ (मंसिर ५ देखि १९ सम्म) भारतमा आयोजना हुने नेत्रहीन टी-२० विश्वकप गर्नेछन् ।उद्घाटन खेलअघि डिसेम्बर ५ मा दिल्लीको गुरगाउँमा विश्वकपको उद्घाटन हुनेछ भने फाइनल डिसेम्बर १७ मा टोली घोषणा गरिसकेको छ ।

नेत्रहीन टी-२० विश्वकपमा सहभागि हुन १५ खेलाडीसहित २० सदस्यीय



क्रिकेटमा नेपालले पहिलो खेल भारतसँग खेल्ने भएको छ ।क्रिकेट एसोसिएसन फर ब्लाइन्ड इन इन्डियाले सार्वजनिक गरेको खेल तालिका अनुसार नेपालले डिसेम्बर ६ मा पहिलो खेल खेल्नेछ ।

उक्त खेल हरियानास्थित फरियावादमा हुनेछ ।नेत्रहीन टी-२० विश्वकपमा नेपाल र भारतसँगै अष्ट्रेलिया, दक्षिण अफ्रिका, पाकिस्तान, श्रीलंका र बंगलादेश गरी कूल ७ राष्ट्रले प्रतिस्पर्धा बेंगलोरमा हुनेछ ।सिंगल राउण्ड रोविनको आधारमा हुने प्रतियोगितामा शीर्ष चार टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।

जहाँ लिगको शीर्ष स्थानमा रहने टिम र चौथो हुने टिमबीच पहिलो सेमिफाइनल हुनेछ भने दोस्रो र तेस्रो हुने टिमबीच दोस्रो सेमिफाइनल खेल हुनेछ ।नेपाल नेत्रहीन क्रिकेट संघले यसअघि विश्वकपमा लागि खिमानन्द गैरेको कप्तानीमा १५ सदस्यीय नेपाली टोली आउने आइतबार भारत प्रस्थान गर्नेछ ।नेपालले यसअघि भएको २०१२ र २०१७ मा नेत्रहीन टी-२० विश्वकप खेलिसकेको छ भने २०१८ मा नेत्रहीन एकदिवसीय विश्वकप समेत खेलेको थियो ।

तेस्रो पटक हुन लागेको नेत्रहीन टी-२० विश्वकपको ब्राण्ड एम्बासडरमा भारतीय क्रिकेट टिमका पुर्व अलराउण्डर युवराज सिंह छन् ।

# शान्तिपूर्ण विरोध गर्ने जनाधिकारको सम्मान गर्न आग्रह

न्युयोर्क, १३ मङ्सिर
मानवअधिकार वाच (एचआरडब्ल्यू)ले शान्तिपूर्ण विरोध गर्ने जनताको अधिकारको सम्मान गर्न चीन सरकारसमक्ष अनुरोध गरेको छ । चिनियाँ सरकारको कठोर 'शून्य कोभिड' नीति तथा त्यसनिम्ति जारी प्रतिबन्धात्मक आदेशको शान्तिपूर्ण ढङ्गले गरिएको विरोधप्रदर्शनका क्रममा जनसाधारण पक्राउ परेकामा चिन्ता व्यक्त गर्दै एचआरडब्ल्यूले जनाधिकारको सम्मान गर्न आग्रह गरेको हो । शान्तिपूर्णरूपमा विरोधप्रदर्शन गर्न पाउने स्वतन्त्रता, मानवअधिकारको रक्षा तथा जनताको मौलिक अधिकारको सम्मान गर्न चीन सरकारलाई अनुरोध गर्दै उक्त संस्थाले हिरासतमा राखिएका सबै प्रदर्शनकारीलाई तत्काल रिहा गर्न र विरोधप्रदर्शनसँग सम्बन्धित सूचना एवम् समाचार सम्प्रेषण गर्ने अनलाइन पोर्टलको सेन्सरसिप बन्द गर्न आह्वान गरेको छ ।

अघिल्लो साताको मध्यतिर चीनको सबैभन्दा ठूलो सहर एवम् वित्तीय केन्द्र साङ्घाई, राजधानी बेइजिङलगायत ठूला चिनियाँ सहरमा कोभिड-१९ लाई फैलिन नदिन सरकारले जारी गरेका कठोर नियमविरुद्ध विभिन्न विश्वविद्यालयका विद्यार्थी र सर्वसाधारण सडकमा उत्रिएका थिए । यसैबीच, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले पनि चिनियाँ जनताको शान्तिपूर्णरुपमा विरोधप्रर्दन गर्न पाउने अधिकार कुण्ठित हुन नदिन राष्ट्रपति सी चिनफिङ नेतृत्वको सरकारसँग अनुरोध गरेका छन ।

महाचिवका प्रवक्ता स्टेफेन डुजारिकले सोमबार यहाँ आयोजित नियमित पत्रकार सम्मेलनमा नागरिक अधिकार एवम् स्वतन्त्रताको प्रत्याभूतिका निम्ति महासचिवले जोड दिएको बताए । (रासस/एएनआई)



विवाह पंचमी मेला हेरेरघर फर्कन जनकपुरधाम स्टेशन मा रेल कुरि रहे का भारतीय यात्री हरू। *तस्विर : मधेशदृष्टि*

# मल आपूर्ति सहज बनाउन सांसदको पहल

मधेशदृष्टि
वीरगंज, मंसिर १३

पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट विजयी प्रतिनिधिसभा सदस्य (सांसद्) अजयकुमार चौरसियाले किसानहरुका लागि मलको आपूर्ति सहज बनाउन सरोकारवाला निकायलाई आग्रह गर्नु भएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल सहित मल आपूर्ति गर्ने सरोकारवाला अधिकारीहरुसँग मंगलबार जिल्ला प्रशासन कार्यालयमा छलफल गर्दै सांसद् चौरसियाले किसानहरुले मल आभावका कारण भोगिरहेको समस्यालाई समाधान गर्न तत्काल सहज रुपले उपलब्ध हुनेगरि मलको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीलाई आग्रह गर्नुभयो।



अहिले गँहु र दलहन बालीको सिजन भएको र गहुँको विउ तथा डिएपी मल नपाएर किसानहरु छट्पटाई रहेको समाचार सञ्चार माध्यमहरुमा सार्वजनिक भएपछि जनप्रतिनिधिहरु जनताको समस्या प्रति सजक भएका हुन्।

जिल्ला प्रशासन कार्यालयमा सम्पन्न छलफलमा सांसद् चौरसियाले कृषि सहकारी संस्थाहरुले पनि मल वितरणमा बदमाशी गरिरहेको किसानहरुको गुनासो रहेकाले त्यस बारे प्रमुख जिल्ला अधिकारी, कृषि सामाग्री र साल्ट ट्रेडिङका कार्यालय प्रमुखहरुको ध्यानाकर्षण पनि गराएका छन्।

जिल्ला प्रशासन कार्यालयमा भएको छलफलका क्रममा पर्सा-२ (क) बाट निर्वाचन प्रदेशसभा सदस्य श्याम पटेल र (ख) का प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मी लगायतको उपस्थिति रहेको थियो। छलफलमा जिल्लामा मल आपूर्तिमा देखिएको समस्या सामधानका लागि प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको संयोजकत्वमा अनुगमन समिति गठन गर्ने निर्णय भएको छ।

समितिले हरेक पालिकासँग समन्वय गरि मल वितरणको अनुगमन गरि आपूर्तीमा देखिएको समस्या समाधान गर्ने र मलको आपूर्ति सहज बनाउने बताइएको छ। नेपाल सरकारले अनुदानमा आयात गरेको मल, जिल्लामा कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनले कृषि सहकारी संस्था मार्फत आपुर्ति गर्दै आएका छन्।

छलफलमा कृषि सामाग्री कम्पनी लिमिटेड मधेश प्रदेश क्षेत्रीय कार्यालय प्रमुख चन्द्र चौलागाई, साल्ट ट्रेडिङ कर्पोरेसन वीरगञ्जका प्रमुख अमोज लामिछाने, कृषि ज्ञान केन्द्र पर्साका प्रमुख मुनिलाल प्रसाद, प्रहरी उपरिक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरिक्षक तेज प्रसाद पोखरेल, काग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे लगायतको सहभागीता थियो।

# वाचा पुरा गर्न यादव अग्रसर



मधेशदृष्टि
वीरगंज , मंसिर १३

चुनावको प्रचार ताका मतदाता सामु गरेका वाचा पुरा गर्न पर्सा क्षेत्र नम्बर १ का नवनिर्वाचित सांसद प्रदीप यादवले अग्रसरता देखाएका छन्। चुनाव प्रचारका बेला मत माग्ने क्रममा किसानको प्रमुख समस्याको रुपमा रहेको बीउ र मल नपाएको गुनासोलाई प्राथमिकतामा राख्दै सांसद यादव क्रियाशील बनेका छन्। यादव मंगलबार वीरगन्ज स्थित कृषि सामाग्री कम्पनी लिमिटेडमा पुगेर कार्यालय प्रमुख चन्द्र चौलागाईलाइ भेट्दै मलको आपूर्ती सहज बनाउन आग्रह गरेका हुन्।सांसद यादवले कार्यालय प्रमुखलाई भेटेर मौज्दात मल, जिल्लाका सबै पालिकामा समयमै पठाएर कृषि सहकारी संस्थाहरु मार्फत किसानलाइ सहज रुपमा उपलब्ध पहल गरेका हुन्।

कार्यालय प्रमुख चौलागाइले कार्यालयमा युरिया मल प्रयाप्त मौज्दात रहेपनि डिएपि मलको मौज्दात थोरै रहेकाले वितरणमा समस्या भएको बताउँदै सरकारको नीतिगत समस्याकै कारण खेतीको हरेक सिजनमा देशैभर मलको अभाव हुने गरेको खुलासा गरे।

सांसद यादवले मौजुदा मल गाउँमा पठाउन र बाँकी सरकारको नीतिगत समस्याका बारेमा आफूले संसदमा आवाज उठाउने बताउँदै सरकारी अनुदानको मल बिचौलियाको कब्जामा पुग्दा किसानले सहज रुपमा नपाएको व्यापक जनगुनासो पनि रहेकाले यस बारे चनाखो हुन कार्यालय प्रमुखलाई निर्देशन दिएका छन्।

# चुनावको मौंकामा काठ तस्करी

मधेशदृष्टि
वीरगंज, मंसिर १३।

सुरक्षाकर्मीको ध्यान निर्वाचनमा केन्द्रित भएको मौका छोपेर पर्सामा काठ तस्कर हरुले जंगलमा रुख फडानी र तस्करीलाई तिब्रता दिएका छन्। जिल्लामा रहेका राष्ट्रिय वन क्षेत्रमा तस्करहरुले काँचो सालको रुख कटानी गरि काठ जंगल नजिकका चिरान मिल र फर्निचर उधोगमा लगेर बिक्री गरिरहेको स्थानीयले जानकारी दिएका छन्। राष्ट्रिय बनबाट तस्करहरुले काँचो सालको रुख ढालेर गोलीया साइकल मार्फत बन क्षेत्र नजिकै खुलेका फर्निचर उद्योगमा पुर्याउने गरेको स्थानियले बताएका छन्।

विशेष गरी पर्साको बसन्तपुर,हरैया ,भतौडा ,सोनवर्षा ,गदियानी,मधुवन ,मथवल, मानवा,पशुपतिनगर ,छातिवनटाँडी ,बढ्निहार, सबैया,सोलकपुर लगायतको क्षेत्रका जंगलबाट रुख फडानी गरि काठ पकडिया ,तमांग टोल बढनिहार, पचरुखी ,बहुवार्वा ,एकटाँगा ,डोकैला बहुवारी ,टिकुलिया ,सखुवा प्रसौनी, कौवावन कटैया ,देवउरबाना ,निचुटा ,देवरिया लगायतको क्षेत्रमा संचालनमा रहेको स-ममिल र फर्निचर उधोगमा तस्करीको काठ पुग्ने गरेको स्थानियको आरोप छ। डिभिजन वन कार्यालय पर्साका अधिकृत फारमान मियाले समयमा सूचना नपाउँदा काठ तस्कारी नियन्त्रण गर्न कठिनाई भएको बताए।

# मुसहर बस्तीमा नि:शुल्क स्वास्थ्य शिविर ४ सय बढी लाभान्वित

मधेशदृष्टि
वीरगंज, मंसिर १३

वीरगंज महानगरपालिकाको वडा नम्बर १६ नगवामा मंगलबार नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, वीरगञ्ज सामुदायिक आँखा अस्पताल, प्रभु हस्पिटल संयुक्त आयोजनामा वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवाको मुसहर बस्तिमा सम्पन्न स्वास्थ्य शिविरमा ७० जना महिला सहित ४ सय जनाको स्वास्थ्य परिक्षण गरिएको छ।

स्वास्थ परिक्षण पछि औषधी समेत नि:शुल्क रुपमा वितरण गरिएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए।



नि:शुल्क स्वास्थ्य शिविरमा आँखा, मुटु, हार्डजोर्नी, बाथ, दम, चिनी रोग, उच्च रक्तचाप लगयातका समस्या लिएर आएका विरामीहरु उपचारका लागि आएका थिए।

शिविरमा नवनिर्वाचित पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदिप यादवको विशेष उपस्थिति रहेको थियो।

शिविरमा वीरगञ्ज सामुदायिक आखाँ हस्पिटल संयोजक महेश सिंह धामी, वडा प्रहरी कार्यालय विर्ताका प्रमुख विशाल मल्ल, रुङ्टा वेल फेयर सोसाइटी वीरगञ्ज अध्यक्ष सुरेश रुङ्टा, प्रभु हस्पिटल वीरगञ्जका डा. अस्लम अन्सारी, वीरगञ्ज सामुदायिक आँखा हस्पिटलका प्रभात चौरसिया, कुसुम मुडभरी, संजित कुमार साह, दिगो महिला संस्थाकी अध्यक्ष डा.सुष्मा तिवारी, समाज सेवी मिन्तु देवी सिंह, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, समाजसेवी, वृद्धिजिवी, सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो।

# आवत जावत खुला गर्न माग

मधेशदृष्टि
वीरगंज, मंसिर १३।

वीरगन्जको माइस्थान स्थित गहवामाई मन्दिर देखि मुख्य सडकको चोक सम्मको क्षेत्रमा रहेका घरधनी र व्यपारीहरुले पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका बुझाएका छन्। मन्दिर देखि मुख्य चोक सम्मको सडकमा सौन्दर्यकरण गरेपछि महानगरपालिकाले दशैं यता सबै खाले सवारीसधानको आवत जावतमा रोक लगाएको छ।उक्त सडकमा सवारीसाधनको प्रवेशमा रोक लगाउदा आफुहरुको व्यापार व्यवसाय नै चौपट भएको बताउदै प्रतिबन्ध हटाउन पहल गरि दिन प्रमुख जिल्ला अधिकारी उमेश ढकाल समक्ष

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस्। नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस्।

माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने।
४. १ सिजनको पूर्ण वारेन्टी भएको।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने।
८. डबल फ्लाइव्हिल जडान गरिएको।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध।
१०. I.S.O. बाट प्रमाणित भएको।

* शर्तहरु लागु हुनेछ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

# ठोरीबासीलाई निशुल्क रगत

मधेशदृष्टि
वीरगञ्ज, मंसिर १३।

पर्साको ठोरी गाउँपालिकाबासीले नि:शूल्क रुपमा रगत प्राप्त गर्ने भएका छन्। ठोरी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी वीरगंज पर्साबिच भएको सम्झौता बमोजिम त्यहाँका बासिन्दाका लागि आवश्यक पर्ने रगत नि:शूल्क रुपमा प्राप्त गर्ने भएका हुन्। रक्तसञ्चार केन्द्र वीरगंजसँग भएको सम्झौतामा ठोरीका बासिन्दालाइ उपचारका लागि आवश्यक पर्ने रगत चिकित्सकको सल्लाह अनुसार प्रदान गर्ने भनिएको छ भने त्यसको भुक्तानी ठोरी गाउँपालिकाले नै गर्ने सम्झौता पत्रमा उल्लेख छ। त्यहाँका बासिन्दाले चिकित्सकबाट गरिएको सिफारिसको प्रतिलिपी रक्तसञ्चार केन्द्रमा दिएर रगत प्राप्त गर्न सक्नेछन्।

यस्तै गाउँपालिकाका कर्मचारीको हकमा गाउँपालिका अध्यक्ष, स्वास्थ्य प्रमुख एवम् प्रमुख प्रशासकिय अधिकृतले गरेको सिफारिसलाई मान्यता दिईने जनाईएको छ। सर्वसाधारणको हकमा पहिचान खुल्ने प्रमाणपत्र पेश गर्नुपर्नेछ।

# विद्यार्थीलाई स्वेटर

मधेशदृष्टि
वीरगञ्ज, मंसिर १३।

जाडायामलाई मध्य नजर गर्दै उपकार सेवा नेपाल नामक संस्थाले वीरगंजको एक बिध्यालयका ४६५ जना छात्रछात्राहरुलाई स्बेटर बितरण गरेको छ।वीरगंज महानगरपालिका वडा नम्बर ३२ मा रहेको मनमिश्रा आधारभुत बिद्यालयका चार सय ६५ जना छात्रछात्राहरुलाई न्यानो स्बेटर बितरण गरिएको संस्थाका केन्द्रिय सदस्य सज्जन अग्रवालले बताए।

स्बेटर बितरण गर्दै केन्द्रीय सदस्य अग्रवालले संस्थाले अगामी दिनमा अपाङहरुका लागि व्हील चेयर बितरण गर्ने कार्यक्रम रहेको जानकारी दिए।

उपकार सेवा नेपाल संस्थाका केन्द्रीय अध्यक्ष बिद्यादेबी सरावगीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाकी सदस्य सुमन बगरिया, बिद्यालयका प्रधानाध्यापक राजाराम साह, बिद्यालय ब्यवस्थापन समितिका पदाधिकारी, शिक्षक शिक्षिका, अभिभावक लगायतको उपस्थिती रहेको थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल